
# लेखापरीक्षण प्रतिवेदन

# वडिगाड गाउँपालिका, बागलुङ

## आर्थिक वर्ष २०८०/८१




## महालेखापरीक्षकको कार्यालय

काठमाडौं, नेपाल

# लेखापरीक्षण प्रतिवेदन

## वडिगाड गाउँपालिका, बागलुङ

आर्थिक वर्ष २०८०/८१

**महालेखापरीक्षकको कार्यालय**

काठमाडौं, नेपाल

## दूरदृष्टि
(VISION)

**जवाफदेहिता, पारदर्शिता र निष्ठा प्रवर्द्धन गर्ने विश्वसनीय सार्वजनिक संस्था**

*(Be A Credible Public Institution in Promoting Accountability, Transparency and Integrity)*

## गन्तव्य
(MISSION)

**राष्ट्रलाई स्वतन्त्र एवं गुणस्तरीय लेखापरीक्षण सेवा प्रदान गर्ने**

*(Provide independent and Quality Audit Service to the Nation)*

## मूल्य मान्यता
(CORE VALUES)

| | |
|---|---|
| ***स्वतन्त्रता*** | *(Independence)* |
| ***निष्ठा*** | *(Integrity)* |
| ***पारदर्शिता*** | *(Transparency)* |
| ***जवाफदेहिता*** | *(Accountability)* |
| ***व्यावसायिकता*** | *(Professionalism)* |

# महालेखापरीक्षकको भनाइ



नेपालको संविधानको धारा २४१ मा सङ्घ, प्रदेश र स्थानीय तहको लेखा कानुन बमोजिम नियमितता, मितव्ययिता, कार्यदक्षता, प्रभावकारिता र औचित्यसमेतको विचार गरी महालेखापरीक्षकबाट लेखापरीक्षण हुने व्यवस्था छ। लेखापरीक्षण ऐन, २०७५ को दफा २० को उपदफा २ मा महालेखापरीक्षकले प्रत्येक स्थानीय तहको लेखापरीक्षण सम्पन्न गरी अलग अलग लेखापरीक्षण प्रतिवेदन जारी गर्न सक्ने व्यवस्था छ। लेखापरीक्षण गर्दा लेखापरीक्षण ऐन, २०७५, नेपाल सरकारी लेखापरीक्षणमान, लेखापरीक्षण मार्गदर्शन, स्थानीय तह लेखापरीक्षण निर्देशिका, महालेखापरीक्षकको वार्षिक लेखापरीक्षण योजना र स्थानीय तहसँग सम्बन्धित ऐन, नियमलाई आधार लिइएको छ। सोहीबमोजिम स्थानीय तहको २०८०।८१ को लेखापरीक्षण सम्पन्न गर्दा देखिएका बेहोरा उल्लेख गरी प्रारम्भिक प्रतिवेदन जारी गरिएकोमा सो उपर प्राप्त प्रतिक्रियासमेत सम्बोधन गरी राय सहितको प्रतिवेदन जारी गरिएको छ।

वित्तीय विवरणको शुद्धता, प्रचलित कानुनको परिपालना, राजस्व प्रक्षेपण तथा बजेट निर्माण, योजना तर्जुमा एवं कार्यक्रम कार्यान्वयन, खरिद व्यवस्थापन तथा विकास निर्माण, सार्वजनिक सेवा प्रवाह, आन्तरिक नियन्त्रण प्रणाली, आन्तरिक आय परिचालन, जनशक्ति व्यवस्थापन, जिम्मेवारी एवं जवाफदेहितालगायतका विषयहरूको अध्ययन, विश्लेषण तथा मूल्याङ्कन गर्नुका साथै स्रोत साधनको प्राप्ति, उपयोग एवं परिचालन सन्दर्भमा मितव्ययिता, कार्यदक्षता र प्रभावकारिता समेतलाई दृष्टिगत गर्दै कार्यान्वयनयोग्य सुझाव प्रदान गरी सुशासन कायम गर्न सहयोग गर्नु लेखापरीक्षणको उद्देश्य रहेको छ।

सबै स्थानीय तहको स्थलगतरूपमा लेखापरीक्षण सम्पन्न गरी लेखापरीक्षणको क्रममा देखिएका बेहोरा उपर स्थानीय तहका पदाधिकारी तथा जिम्मेवार कर्मचारीहरूसँग छलफलसमेत गरिएको छ।

यस वर्ष सामान्यतया स्थानीय तहमा कार्यसम्पादनका लागि आवश्यक कानुन निर्माण पूर्ण रूपमा नभएको, विद्यमान कानुनको पूर्ण परिपालना हुन नसकेको, बजेट अनुशासन कमजोर रहेको, आन्तरिक आय न्यून रहेको, करदाताको अभिलेख व्यवस्थित नभएको, आन्तरिक आयलाई व्यवस्थित गर्न नसकिएको, प्रशासनिक खर्चमा वृद्धि हुँदै गएको, योजनालाई खण्डीकृत गरी कार्य गर्ने गरेको, वर्षान्तको खर्च उच्च रहेको, आयोजनाको प्राथमिकीकरण गरेर बजेट विनियोजन नभएको, निर्माणको सुनिश्चितता नभएका आयोजनाहरूको समेत विस्तृत आयोजना प्रतिवेदन तयार गरिएको, जटिल प्रकृतिका कार्यहरूसमेत उपभोक्ता समितिबाट गराएको, जनशक्ति व्यवस्थापन हुन नसक्दा सेवा प्रवाह प्रभावकारी हुन नसकेको, स्वीकृत दरबन्दी बेगरका कर्मचारीसमेत करारमा नियुक्ति गरेको, सार्वजनिक सम्पत्तिको अभिलेख तथा संरक्षण र उपयोग प्रभावकारी रूपमा हुन नसकेकोले आन्तरिक नियन्त्रण र लेखाङ्कन तथा प्रतिवेदन एवं बेरुजु फर्स्यौटमा सुधार गर्नुपर्ने लगायतका बेहोरा देखिएका छन्।

लेखापरीक्षणबाट उल्लेख गरेका बेहोराको समयमा नै फर्स्यौट तथा सुझावहरूको कार्यान्वयनबाट वित्तीय अनुशासनमा अपेक्षित सुधार गरेर स्थानीयतहबाट हुने विकास निर्माण तथा समग्र कार्यसम्पादन र सेवा प्रवाहलाई प्रभावकारी बनाउनुपर्दछ।

अन्तमा, स्थानीय तहको लेखापरीक्षणमा सहयोग पुऱ्याउने पदाधिकारी तथा कर्मचारी लगायत सबै सरोकारवाला प्रति आभार व्यक्त गर्दछु। साथै लेखापरीक्षण कार्यमा संलग्न कर्मचारीहरूमा समेत विशेष धन्यवाद व्यक्त गर्दछु।

(तोयम राया)
महालेखापरीक्षक

२०८२ वैशाख

प.सं.:2081/82 मिति : २०८२-२-८

च.न.:FAR/2080-81/LOC/507

**विषयः** लेखापरीक्षण प्रतिवेदन।

श्री अध्यक्ष ज्यू,
वडिगाड गाउँपालिका, गाउँ कार्यपालिकाको कार्यालय,
बाग्लुङ।

**कैफियतसहितको राय**

हामीले यस पालिकाको आर्थिक वर्ष २०८०।८१ को प्राप्ति र भुक्तानीको एकीकृत वार्षिक प्रतिवेदन, बजेटकोतुलनात्मक विवरण, स्थानीय सञ्चित कोष को वार्षिकआर्थिक विवरण र त्यससँग सम्बन्धित लेखानीति तथा टिप्पणीहरू समावेश भएको एकीकृत वित्तीय विवरणको लेखापरीक्षण गरी राय सहितकोप्रतिवेदन पेस गरेका छौं।

हाम्रो रायमा, यस प्रतिवेदन को कैफियत सहितको राय व्यक्त गर्ने आधार खण्डमा उल्लेख भएका विषयले पार्ने असर बाहेकपेश भएको आर्थिकवर्ष २०८०।८१ को प्राप्ति र भुक्तानीको एकीकृत वार्षिक प्रतिवेदन, बजेटको तुलनात्मक विवरण, स्थानीय सञ्चित कोषको वार्षिक आर्थिक विवरण र त्यससँग सम्बन्धित लेखानीति तथा टिप्पणीहरू समावेश भएको एकीकृत वित्तीय विवरणले नेपाल सार्वजनिक क्षेत्र लेखामान (नगदमा आधारित) र आर्थिक कार्यविधि तथा वित्तीय उत्तरदायित्व ऐन, २०७६ लगायत सम्बन्धित प्रचलित कानुन बमोजिम सारभूत रूपमा सही तथा यथार्थ अवस्था चित्रण गर्दछ ।

**कैफियत सहितको राय व्यक्त गर्ने आधार**

१. वडिगाड गाउँपालिकाको आर्थिक कार्यप्रणालीको लेखाङ्कन गर्न स्थानीय सञ्चित कोष व्यवस्थापन प्रणाली (सुत्र) प्रयोगमा रहेको छ । पालिकाले पेश गरेको प्रासी र भुक्तानीको एकिकृत वार्षिक प्रतिवेदन (म.ले.प. फा. नं. २७०) मा अन्तरसरकारी वित्तीय हस्तान्तरणबाट प्राप्त भएको सामाजिक सुरक्षा तथा संरक्षणको रू.१३ करोड ९८ लाख ४६ हजार, एकीकृत स्वास्थ्य पूर्वाधार कार्यक्रमको रु. ४ करोड ६५ लाख ९४ हजार, स्वास्थ्य क्षेत्र सुधार कार्यक्रमको रु. १२ लाख र गरिव सँग विशेश्वर कार्यक्रमको रु. ७ लाख १६ हजार समेत गरी रू १८ करोड ८३ लाख ५६ हजार समावेशगरेको छैन।

२. पालिकाको रु. १ अर्व ६१ करोड १३ लाख ८४ हजारको लेखापरीक्षण गरिएकोमा रू. १ करोड ९२ लाख ३५ हजार बेरुजू देखिएको छ। सो सम्बन्धमा रु. १८ लाख ७१ हजारको प्रतिक्रिया प्राप्त भएकोमा सो उपर कारबाही भई कायम भएको बाँकी बेरुजु रु. १ करोड ७३ लाख ६३ हजार मध्ये असुल गर्नुपर्ने रू. २५लाख ७०हजार, प्रमाण कागजात पेस गर्नुपर्ने रू. २२ लाख ६९ हजार, नियमित गर्नुपर्ने रु. १ करोड १६ लाख ९५ हजार र पेस्की बाँकी रु. ८लाख २९ हजार रहेको छ। गत वर्षसम्म रु. १० करोड ८९ लाख ९३ हजार बेरुजू बाँकी रहेकोमा हालसम्मको अद्यावधिक बेरुजू रु. १२ करोड ६३ लाख ५६ हजार रहेको छ। बेरुजु वर्गीकरण, अद्यावधिक बेरुजु स्थिति र बेरुजु सम्परीक्षणको बेहोरा यसैसाथ संलग्न छ।

३. गाउँपालिकाले वित्तीय विवरण नेपाल सार्वजनिक लेखामानको ढाँचामा तयार गरेकोमा लेखा टिप्पणीहरू ८, १४, १७, सम्पत्ति तथा राजस्व लगायतका विवरणहरू खुलासा गरेको छैन ।

लेखापरीक्षण कार्य नेपालको संविधान, लेखापरीक्षण ऐन तथा महालेखापरीक्षकको कार्यालयले अवलम्बन गरेको नेपाल सरकारी लेखापरीक्षण मान, मार्गदर्शन तथा लेखापरीक्षणसँग सम्बन्धित अन्य प्रचलित कानुनबमोजिम गरिएको छ। एकीकृत वित्तीय विवरण तयार गर्ने वडिगाड गाउँपालिकासँग हामी स्वतन्त्र छौं। त्यसका लागि स्वीकृत आचार संहिता अनुसार हामीले काम गरेका छौं। लेखापरीक्षणको क्रममा प्राप्त भएका आधार र प्रमाणहरू राय व्यक्त गर्न पर्याप्त र उपयुक्त छन् भन्नेमा विश्वस्त छौं।

**अन्य व्यहोरा**

वडिगाड गाउँपालिकाको लेखापरीक्षणबाट स्रोत र साधनको प्राप्तिको प्रक्षेपण यथार्थपरक नभएको, लक्ष्यअनुसार असुली नभएको, कर्मचारीको दरबन्दी अनुसार स्थायी पदपूर्ति नभएका कारण विकास निर्माण र सेवा प्रवाहमा असर परेको, अनुदानको पर्याप्त अनुगमन नभएको, वितरणमुखी कार्यक्रम सञ्चालन गरेको, आन्तरिक नियन्त्रण प्रणाली कमजोर रहेको लगायतका बेहोरा यस लेखापरीक्षण प्रतिवेदनमा औल्याइएको छ ।

**वित्तीय विवरण उपर व्यवस्थापन को जिम्मेवारी**

आर्थिक कार्यविधि तथा वित्तीय उत्तरदायित्व ऐन, २०७६ र स्थानीय सरकार सञ्चालन ऐन, २०७४ तथा अन्य प्रचलित कानुन बमोजिम वित्तीय जिम्मेवारी र जवाफदेहिता जिम्मेवार व्यक्तिमा रहेको हुन्छ । त्यसैगरी नेपाल सरकारबाट स्वीकृत भई महालेखा नियन्त्रक कार्यालयबाट लागु भएको नेपाल सार्वजनिक क्षेत्र लेखामान (नगदमा आधारित) बमोजिम आर्थिक कारोवारको सही र यथार्थ अवस्था चित्रण हुने गरी वित्तीय विवरण तयार गर्ने तथा जालसाजी वा त्रुटीका कारण वित्तीय विवरण सारभूतरूपमा गलत आँकडा रहित बन्ने गरी आवश्यक आन्तरिक नियन्त्रण प्रणाली लागू गर्ने जिम्मेवारी वडिगाड गाउँपालिका व्यवस्थापनमा रहेको छ। गाउँ कार्यपालिका, पालिका अध्यक्ष र प्रमुख प्रशासकीय अधिकृत वित्तीय प्रतिवेदन प्रक्रियाको अनुगमनका लागि जिम्मेवार रहेका छन्।

**वित्तीय विवरणको लेखापरीक्षण उपर लेखापरीक्षकको जिम्मेवारी**

वित्तीय विवरण समग्रमा जालसाजीवा त्रुटिका कारण सारभूत रूपमा गलत आँकडारहित रहेको छ भनी यथोचित आश्वस्तता प्राप्त गरी रायसहितको लेखापरीक्षण प्रतिवेदन जारी गर्नु लेखापरीक्षणको उद्देश्य हो। लेखापरीक्षणमा यथोचित आश्वस्तताले उच्च स्तरको आश्वस्तता प्रदान गरेको हुन्छ। लेखापरीक्षण ऐन तथा महालेखापरीक्षकको कार्यालयले अवलम्बन गरेको नेपाल सरकारी लेखापरीक्षण मान, मार्गदर्शन तथा लेखापरीक्षणसँग सम्बन्धित अन्य प्रचलित कानुनबमोजिम लेखापरीक्षण कार्यसम्पादन गरिएको छ। यसरी लेखापरीक्षण गरिएको अवस्थामा समेत आन्तरिक नियन्त्रण र वित्तीय प्रतिवेदनको प्रकृति, लेखापरीक्षणका विधि तथा लेखापरीक्षण सम्पन्न गर्न लागेको समय जस्ता लेखापरीक्षणका अन्तर्निहित सीमाहरूका कारण वित्तीय विवरण वा आर्थिक कारोबारमा भएका सबै प्रकारका जालसाजी वा त्रुटि पत्ता लाग्न सक्ने निश्चितता हुँदैन। वित्तीय विवरणका उपयोगकर्ताले सामान्यतया गर्ने आर्थिक निर्णयमा फरक पार्ने अवस्था देखिएका जालसाजी वा त्रुटिका एक वा समग्र सूचनालाई सारभूतरूपमा गलत आँकडा मानिएको छ।

( राजेन्द्र राज ओझा )

नायब महालेखापरीक्षक

### बेरुजु वर्गीकरण

चालु वर्षको बेरुजु

| प्रारम्भिक बेरुजु | | | प्रतिक्रियाबाट फछ्यौंट | | | प्रतिक्रियाबाट थप बेरुजु रकम | बाँकी बेरुजु | | | बेरुजु | | | | | | | |
|---|---|---|---|---|---|---|---|---|---|---|---|---|---|---|---|---|---|
| | | | | | | | | | | असुल गर्नु पर्ने | नियमित गर्नुपर्ने | | | | | पेस्की |
| दफा संख्या | | रकम | दफा संख्या | | रकम | | दफा संख्या | | रकम | असुल गर्नु पर्ने | अनियमित भएको | प्रमाण कागजात पेश नभएको | जिम्मेवारी नसारेको | सोधभर्ना नलिएको | जम्मा | पेस्की |
| सैद्धान्तिक | लगती | | सैद्धान्तिक | लगती | | | सैद्धान्तिक | लगती | | | | | | | | |
| ३९ | ९२ | १९२३४६७१ | ० | १८ | १८७१५२० | **०** | ३९ | ७४ | १७३६३१५१ | २५६९८०४ | ११६९५३३१ | २२६९१६१ | **०** | **०** | **१३९६४४९२** | **८२८८५५** |

## अद्यावधिक बेरुजू स्थिति

| जिल्ला | गत वर्ष सम्मको बाँकी | समायोजन | यो वर्ष फस्यौंट | बाँकी बेरुजु | यो वर्ष सम्परीक्षणबाट कायम बेरुजु | यो वर्षको बेरुजु | कुल बेरुजु बाँकी |
|---|---|---|---|---|---|---|---|
| बाग्लुङ | १०८९९३१२४ | ० | ० | १०८९९३१२४ | ० | १७३६३१५१ | १२६३५६२७५ |

## बेरुजु सम्परीक्षणको विवरण

| क्र.सं | आर्थिक वर्ष | बेरुजुको दफा | बेरुजुको व्यहोरा | सम्परीक्षण भएको रकम |
|---|---|---|---|---|
| १ | २०८०/८१ | ४२ | विमा अभिलेखः | १५,६२,६२० |
| २ | २०८०/८१ | ३२ | विद्यालयमा शैक्षिक गुणस्तर सुदृढीकरण एवम् कार्यसम्पादनमा आधारित प्रोत्साहन अनुदान : | ४८,७५० |
| ३ | २०८०/८१ | ३४ | कार्य सम्पादनमा आधारित प्रोत्साहन अनुदान : | १,२८,१५० |
| ४ | २०८०/८१ | ३१ | ईन्टरनेट जडान : | १,३२,००० |
| जम्मा | | | | १८,७१,५२ |

# (८०४४५५०५३०० - वडिगाड गाउँपालिका, बागलुङ )

# परिचय

१ **परिचय**

**(क) कार्यालय परिचय :-** स्थानीय नेतृत्वको विकास गर्दै स्थानीय शासन पद्धतिलाई सुदृढ गरी स्थानीय तहमा विधायिकी, कार्यकारीणी र न्यायिक अभ्यासलाई संस्थागत गर्न स्थानीय सरकारको संचालन गर्ने उद्देश्यले यस गाउँपालिकाको स्थापना भएको हो । स्थानीय सरकारले संचालन गर्ने कार्यमा सहकारिता, सह–अस्तित्व र समन्वयलाई प्रर्वद्धन गर्नु र स्थानीय सरकारका काममा जनसहभागिता, उत्तरदायित्व, पारदर्शिता सुनिश्चित गरी नागरिकलाई गुणस्तरीय सेवा प्रदान गर्नुपालिकाको उद्देश्य रहेको छ । यस गाउँपालिका अन्तर्गत १० वडा, ५४ सभा सदस्य, १७८.६८ वर्ग किलोमिटर क्षेत्रफल तथा २८८३९ जना जनसंख्या रहेको छ ।

**(ख) लेखापरीक्षणको उद्देश्य :-** लेखापरीक्षण गरिने निकायको वित्तीय विवरण तथा कारोबारको परीक्षण गरी उचित आश्वस्तता (Reasonable Assurance) प्रदान गर्नु वित्तीय लेखापरीक्षणको उद्देश्य हो । यस कार्यालयको आर्थिक वर्ष २०८०/८१ को सबै प्रकारका आर्थिक कारोबारको परीक्षण एवं प्रचलित कानुनको परिपालनाको मूल्याङ्कन गरी प्रतिवेदन गर्नु लेखापरीक्षणको उद्देश्य छ।

**(ग) लेखापरीक्षणको क्षेत्र र अवधि :-** यस कार्यालयको विनियोजन, राजस्व, धरौटी, कोष तथा अन्य आय-व्यय, मौज्दात हिसाब, आर्थिक व्यवस्थापन, कार्यक्रम सञ्चालन, जिन्सी व्यवस्थापन, जनशक्ति व्यवस्थापन तथा सेवा प्रवाह लगायत आर्थिक वर्ष २०८०/८१ मा सञ्चालित क्रियाकलापलाई लेखापरीक्षण क्षेत्रमा समावेश गरिएको छ । स्थलगत लेखापरीक्षणको अवधि २०८१।०९।१५ देखि २०८१।०९।२० सम्म रहेको छ ।

**(घ) लेखापरीक्षण विधि :-** लेखापरीक्षण ऐन, २०७५ र नेपाल सरकारी लेखापरीक्षण मानदण्ड तथा मार्गदर्शनमा नमुना छनौट गरी लेखापरीक्षण सम्पन्न गर्न सकिने आधार तथा कार्यालयले स्वीकृत गरेको जोखिममा आधारित लेखापरीक्षण योजनाका आधारमा निकायको आन्तरिक नियन्त्रणको परीक्षण तथा विश्लेषणात्मक र विस्तृत परीक्षण विधि अवलम्वनबाट लेखापरीक्षण सम्पन्न गरी प्रतिवेदन जारी गरिएको छ । लेखापरीक्षण गर्दा देखिएका व्यहोरा सम्बन्धमा कार्यालय प्रमुख तथा लेखा प्रमुख लगायतका पदाधिकारीहरूसँग छलफल सम्पन्न गरी कायम भएका व्यहोराहरू यस प्रतिवेदनमा समावेश गरिएको छ ।

**(ङ) लेखापरीक्षणको सीमा :-** लेखापरीक्षण ऐन, २०७५ र नेपाल सरकारी लेखापरीक्षण मानदण्ड, २०७७ तथा मार्गदर्शनमा नमुना छनौट गरी लेखापरीक्षण सम्पन्न गर्न सकिने आधार तथा महालेखापरीक्षकको कार्यालयले नेपाल लेखापरीक्षण व्यवस्थापन प्रणाली (NAMS) अवलम्बन गरी स्वीकृत भएको जोखिममा आधारित लेखापरीक्षण योजना, लेखापरीक्षण गरिएको निकायबाट पेश भएका लेखा एवं सोसँग सम्बन्धित कागजात, विवरण, लिखित प्रतिनिधित्व पत्र, लेखापरीक्षण अनुबन्ध पत्र समेतको आधारमा लेखापरीक्षण सम्पन्न गरी प्रतिवेदन जारी गरिएको छ । आम्दानी तथा खर्चलाई नतिजासँग तुलना गरी विश्लेषण गर्नका लागि पर्याप्त भौतिक एवं स्थलगत अवलोकन गर्न भौगोलिक कठिनाइ, समय सीमा, स्रोतको उपलब्धता, प्रमाणको प्रकृति तथा पहुँच जस्ता अन्तर्निहित जोखिमहरु सीमाको रुपमा रहेका छन् । सारभूत रूपमा उल्लेखनीय नदेखिएका व्यहोरालाई प्रतिवेदनमा समावेश गरिएको छैन ।

**(च) लेखापरीक्षणमा परीक्षण गरिएका मुख्य विषयहरु :-** लेखापरीक्षण योजना अनुसार परीक्षण गरिएका विषयहरु अनुसूची – २ मा संलग्न छ ।

**(छ) लेखापरीक्षणको क्रममा असुली :-** लेखापरीक्षणको क्रममा निम्नानुसारको रु. ७३९७९ असुल भइ दाखिला प्रमाण पेश भएको छ ।

| सि.नं | बिवरण | रकम रु. |
|---|---|---|
| १ | सामाजिक सुरक्षा वापत असुल गरी दाखिला | ७३९७९ |

पालिकाको एकीकृत आर्थिक विवरण निम्नानुसार रहेको छः

| क्र.स. | आय | | क्र.स. | व्यय | |
|---|---|---|---|---|---|
| | शिर्षक | रकम | | शिर्षक | रकम |
| १ | गत बर्षकोजिम्मेवारी | ० | १ | चालु खर्च | ४५०५९२४४८.७५ |
| | बैंकमौज्दात | ५७७२५८८९.६५ | २ | पूजीगतखर्च | १७२८७७२८८.७५ |
| २ | यस बर्षकोधरौटी आम्दानी | ५३१२३०० | ३ | धरौटीफिर्ता | ३६२५६९५.०० |
| ३ | आन्तरिकराजस्व | १०८२०९४०.०५ | ४ | कार्यसंचालनकोष तर्फ | **0.00** |
| ४ | राजस्ववाँडफाँटवाट प्राप्त रकम | ० | | बिबिध खर्चखाता | ६१२८६७०.०० |
| | राजस्व वाँडफाँट संघीय सरकार | ९१३९१६४९.०६ | | प्रकोपब्यवस्थापन कोष | १६१५०००.०० |
| | राजस्व वाँडफाँट प्रदेश सरकार | ८६२१६३६ | ५ | अन्तरसरकारी अख्तियारी | **0.00** |
| ५ | संघीयसरकारबाट प्राप्त अनुदान | ० | | सामाजिकसुरक्षा तथा संरक्षण | १३९८४६३६१.०० |
| | समानिकरणअनुदान | १०१८३५००० | | एकीकृतस्वास्थ्य पुर्वाधार कार्यक्रम | ४६५९३८८६.०० |
| | सशर्तअनुदान | ३३३२७५१२४.५५ | | स्वास्थ्यक्षेत्र सुधार कार्यक्रम | १२०००००.०० |
| | समपुरकअनुदान | १६२३२२८९ | | गरिवसंगविश्वेश्वर कार्यक्रम | ७१५९८०.०० |
| | विशेषअनुदान | ८०९६४७२ | कुल खर्च | | ८२३१९५३२९.५० |
| ६ | प्रदेशसरकारबाट प्राप्त अनुदान | ० | | कुल खर्च | ८२३१९५३२९.५० |
| | समानिकरणअनुदान | १०८३५२५० | | मौज्दात | |
| | सशर्तअनुदान | ३६१२००० | | संचित कोष | ८३२३३३९.१३ |
| | समपुरकअनुदान | ३८७०००० | | धरौटी | १०२८७७९०.११ |
| | | ० | | बिबिध खर्चखाता | २५१२४७०.७८ |
| ७ | बिभिन्नकोष तर्फको आय | ० | | प्रकोपब्यवस्थापन कोष | १५९६७०१.०० |
| | बिबिध खर्चखाता | ५९३०८५३.२१ | | श्रेस्ताअनुसारकोबैंक मौज्दात | २२७२०३०१.०२ |
| | प्रकोपब्यवस्थापन कोष | ० | | | |
| ८ | अन्तरसरकारी अख्तियारी | ० | | | |


| | | | | | |
|---|---|---|---|---|---|
| | | | | | |
| | सामाजिकसुरक्षा तथा संरक्षण | १३९८४६३६१ | | | |
| | एकीकृतस्वास्थ्य पुर्वाधार कार्यक्रम | ४६५९३८८६ | | | |
| | स्वास्थ्यक्षेत्र सुधार कार्यक्रम | १२००००० | | | |
| | गरिवसंगविश्वेश्वर कार्यक्रम | ७१५९८० | | | |
| | | ८४५९१५६३०.५२ | | | ८४५९१५६३०.५२ |

## लेखापरीक्षणबाट देखिएका व्यहोराहरु

२ **आन्तरिक नियन्त्रणः**

पालिकाले स्थानीय सरकार सञ्चालन ऐन, २०७४ को दफा ७८ बमोजिम आन्तरिक नियन्त्रण प्रणाली तयार गरी लागु गरेको छैन । यस सम्बन्धमा देखिएका अन्य व्यहोराहरु तपशिल बमोजिम छन् -

आन्तरिक नियन्त्रण प्रणालीका सम्वन्धमा महानिर्देशनालयवाट जिन्सी निरीक्षण, योजना अनुगमन निरीक्षण, पाम्सको प्रयोग, उपभोक्ता समितिमार्फत कार्य,गुनासो सुनुवाई, वरवुझारथ, नागरिक वडापत्र, कर्मचारीको कार्यविवरण, सार्वजनिक सुनुवाई, संगठन तथा व्यवस्थापन सर्वेक्षण, कार्यसम्पादन करार, जिन्सी निरीक्षण, आन्तरिक लेखापरीक्षण तथा अन्तिम लेखापरीक्षण लगायतका २९ सुचक तयार गरी फारमको विकास गरिएको र यसमा कार्यालयको धारणा छ/ छैन/ जानकारी नभएको भनी प्रश्नावली तयार गरिएकोमा ४ सुचकमा छैन भन्ने जवाफ दिएको र २५ सुचकमा परिपालना भएको प्रतिकृया प्राप्त भएको छ । जसअनुसार कुल सुचकमा ४ सुचकको परिपालना नभएको अर्थात १४ प्रतिशत कार्यान्वयनमा नल्याएको तथा ८६ प्रतिशत कार्यन्वयनमा ल्याएको पाईयो । तसर्थ उपरोक्त तथ्यको आधारमा पालिकाको आन्तरिक नियन्त्रण प्रणाली सन्तोषजनक भएको देखिएको छ । पालिकाले कमजोर देखिएका सुचकहरुमा आन्तरिक नियन्त्रण प्रणालीलाई थप प्रभावकारी र विश्वशनीय बनाई कार्यसम्पादन स्थितिलाई सुदृढ बनाउन ध्यान दिनुपर्दछ ।




३ **न्यायीक समितिः**

स्थानीय सरकार सञ्चालन ऐन, २०७४ को दफा ४६ देखि ५३ सम्म अधिकार क्षेत्र तथा न्याय सम्पादन प्रक्रियाको व्यवस्था गरेको छ । समितिमा परेको उजुरीमध्ये मेलमिलाप प्रकृतिका आधारमा विवाद दर्ता भएको ३ महिनाभित्र टुङ्गो लगाउने व्यवस्था छ । लेखापरीक्षणको क्रममा प्राप्त विवरण अनुसार मुद्दा दर्ता र फछ्र्यौट कारवाही देहाय बमोजिम रहेको छ ।

| गत वर्षबाट सरेका विवाद | यस वर्ष दर्ता भएको | जम्मा | फछ्र्यौट/कारवाही भएका विवाद | फछ्र्यौट/कारवाही हुन बाँकी विवाद |
|---|---|---|---|---|
| ६ | १९ | २५ | २१ | ४ |

उपरोक्तानुसार गत वर्षवाट यो वर्ष ६ वटा मुद्धा सरेको तथा यो वर्ष १९ वटा मुद्धा दर्ता भएकोमा २१ वटा मुद्धा फछ्र्यौट भएको देखिएको र १ मुद्धा जिल्ला अदालत बाग्लुङमा पठाईएको पाईएको र ३ वटा मुद्धा फछ्र्यौट हुन वांकी रहेको देखिएकोले वांकी मुद्धालाई तदारुकताका साथ न्याय निरुपण गर्नुपर्दछ ।

४ **कानुन निर्माणः**

स्थानीय सरकार सञ्चालन ऐन, २०७४ को दफा १०२ अनुसार स्थानीय तहहरुले आफ्नो अधिकारक्षेत्र भित्रका विषयमा ऐन तथा सोको अधिनमा रही नियम, निर्देशिका, कार्यविधि र मापदण्ड बनाउनुपर्नेमा पालिकाले हालसम्म देहाय बमोजिम कानून निर्माण गरी कार्यान्वयनमा ल्याएको छ ।

| सि.नं. | विवरण | संख्या |
|---|---|---|
| १ | ऐन | १५ |
| २ | कार्यविधि तथा निर्देशिका | १९ |
| ३ | नियमावली | २ |
| ४ | नीति | १ |
| | **जम्मा** | **३७** |

पारित भएका ३७ ऐन नियमलाई अनिवार्य रुपमा राजपत्रमा प्रकाशित गर्ने व्यवस्था मिलाउनुपर्दछ ।

५ **सेवाप्रवाहको स्थितिः**

सुशासन व्यवस्थापन तथा सञ्चालन ऐन, २०६५ वमोजिम सार्वजनिक निकायले सेवा प्रवाहलाई छिटो छरितो पहुंचयोग्य वनाउनुपर्दछ । यस पालिकाले आर्थिक वर्ष २०८०।८१ मा निम्न विषयमा विभिन्न प्रकारका १८१६ जनालाई देहाय बमोजिम पञ्जिकरण सेवा प्रवाह गरेको छ तर के कति सेवाग्राहीले सेवाको लागि निवेदन दिएका थिए सो को रेकर्ड प्राप्त हुन सकेन। पालिकाले सेवा प्रवाहको पृष्ठपोषणको रुपमा सेवाग्राही सन्तुष्टी फारमको विकास गरि पृष्ठपोषणको समेत व्यवस्था गर्नुपर्दछ ।

| विवरण | सेवा संख्या |
|---|---|
| जन्म दर्ता | ९५५ |
| मृत्यु दर्ता | २८३ |
| बसाईसराई दर्ता | ५५१ |
| विवाह दर्ता | ३७९ |
| सम्बन्ध विच्छेद दर्ता | ४६ |
| **जम्मा** | १८१६ |

६ **मन्दिर गुम्बा र चर्च निर्माणः**

पालिका भित्र आ व २०८०।८१ मा निर्माण भएका मन्दिर गुम्बा विवरण देहाय बमोजिम रहेको छ ।

| **क्र.सं.** | **धार्मिक स्थलको प्रकार** | **२०८०।८१ मा** | **पालिकाको अनुदान रकम** |
|---|---|---|---|
| १. | मन्दिर | ९ | १८०३७२१ |
| २. | चर्च | १ | १७१२७३ |
| जम्मा | | १० | १९७४९९४ |

उपरोक्त विवरण अनुसार आ व २०८०।८१ मा १० वटा धार्मिक स्थलहरु निर्माण भएको देखिन्छ। यस्ता संरचना निर्माण गर्नुपुर्व सम्भाव्यता अध्ययन संचालनको एवं त्यसको औचित्य समेत स्थापित हुने गरी कार्य सम्पादन हुनुपर्दछ ।

७ **वित्तिय विवरणको विश्लेषणः**

पालिकाले यस वर्ष कूल आन्तरिक आयबाट रु. १,०८,२०,९४०.०५ राजस्व बाँडफाँडबाट रु. १०,००,१३,२८५.०६ र अनुदानबाट रु. ४७,७७,५६,१३५.६ समेत रु. ५८,८५,९०,३६०.७१ आम्दानी भएकोमा चालुतर्फ रु. ४५,०५,९२,४४८.७५ र पूँजीगततर्फ रु. १७,२८,७७,२८८.७५ समेत रु. ६२,३४,६९,७३७.५ खर्च भएको छ । खर्च मध्ये आन्तरिक आयको हिस्सा १.७३ प्रतिशत रहेको छ। पालिकाले यस वर्ष गरेको खर्चमा आन्तरिक आयको हिस्सा १.७३ प्रतिशत भएको देखिदा आन्तरिक आयको अवस्था सन्तोषजनक देखिएन आन्तरिक आयको क्षेत्रलाई विस्तार गरि बिकासात्मक तथा दैनिक प्रशासनिक कार्यमा लगाउन सकिने हुंदा समग्र आर्थिक विकास र समृद्धि तथा दिगो विकासको लक्ष्य हांसिल गर्ने तर्फ ध्यान पुर्याउनुपर्दछ ।

८ **बजेट पेश, पारित र अख्तियारीः**

स्थानीय सरकार संचालन ऐन, २०७४ को दफा ७१ मा स्थानीय तहले आगामी आर्थिक वर्षको राजश्व र व्ययको अनुमान कार्यपालिकाबाट स्वीकृत गराई असार १० गते भित्र पेश गर्ने र यसरी पेश भएको बजेट छलफल गरी असार मसान्तभित्र सभाबाट पारित गर्नुपर्ने व्यवस्था छ । सोही ऐनको दफा ७३ मा सभाबाट बजेट स्वीकृत भएको ७ दिनभित्र स्थानीय तहका प्रमुखले प्रमुख प्रशासकीय अधिकृतलाई बजेट खर्च गर्ने अख्तियारी प्रदान गर्नुपर्ने व्यवस्था छ । यस स्थानीय तहमा उप प्रमुखले मिति २०८०।०३।१० गते रु. ६९ करोड ८ लाख २६ हजारको बजेट सभा समक्ष पेश गरी २०८०।०३।१० मा पारित भएको छ । यसैगरी स्थानीय तहका प्रमुखले मिति २०८०।०३।१६ मा प्रमुख प्रशासकीय अधिकृतलाई बजेट खर्च गर्ने अख्तियारी प्रदान गरेको देखिन्छ। पालिकाद्धारा समय सिमाभित्रै कानुन अनुसार बजेट पेश, पारित र अख्तियारी प्रदान गरेको छ ।

९ **बजेट विनियोजनः**

आर्थिक वर्ष २०८०।८१ को पालिकाको कुल बजेट मध्ये चालु र पूँजीगत बजेट देहाए बमोजिम विनियोजन गरेको छ ।

| कुल बजेट | चालु बजेट रु. | प्रतिशत | पूँजीगत बजेट रु. | प्रतिशत |
|---|---|---|---|---|
| ६९,०८,२६,६६४ | ४८,७४,०९,०२९ | ७१ | २०,३४,१७,६३५ | २९ |

उक्त विवरण अनुसार पालिकाको यस आर्थिक वर्षमा कुल रु. ६९ करोड ८ लाख २६ हजार बजेट विनियोजन भएको मध्ये चालु तर्फ रु. ४८ करोड ७४ लाख (७१ प्रतिशत) र पूँजीगत तर्फ रु. २० करोड ३४ लाख (२९ प्रतिशत) बजेट विनियोजन भएको छ । पालिकाले चालु बजेट खर्चमा मितव्ययिता कायम गर्दै पूँजीगत बजेटको अंश र खर्च वृद्धि तर्फ गम्भिर हुनुपर्दछ।

१० **मौज्दात रकमः**

पालिकाले यस वर्ष चालु तथा पूँजीगत कार्यका लागि रु ६२ करोड ३४ लाख ६९ हजार खर्च गरेको छ भने संचित कोषमा रु ८३ लाख २३ हजार मौज्दात बाँकी रहेको छ । उक्त रकम उपभोग नभई मौज्दात सर्दै गईरहेको अवस्थाले पालिकाको लक्षित उद्देश्य पूरा गर्न कठिन हुने देखिएकाले सो रकमको उपयोग गर्ने तर्फ ध्यान दिनुपर्दछ ।

११ **पुँजीगत बजेट तथा पूँजीगत खर्चः**

स्थानीय सरकार सञ्चलान ऐन २०७४ वमोजिम पालिकाहरुमा वार्षिक कार्यक्रम तथा बजेट परिषदबाट स्वीकृत गरी बजेट विनियोजन गर्नुपर्दछ । पालिकाको यस आर्थिक वर्षको पूँजीग बजेट र पूँजीगत खर्चको अवस्था देहाए बमोजिम रहेको छ ।

| क्र.स. | आर्थिक वर्ष | पूँजीगत बजेट | पूँजीगत खर्च | बजेटको तुलनामा पूँजीगत खर्चको प्रतिशत |
|---|---|---|---|---|
| १ | २०८०/८१ | २०,३४,१७,६३५ | १७,२८,७७,२८८ | ८४.९९% |

पालिकाले यस वर्ष पूँजीगत तर्फ रु २० करोड ३४ लाख विनियोजन गरेकोमा रु १७ करोड २८ लाख ७७ हजार खर्च गरेको छ जुन ८४.९९ प्रतिशत हुन आउने हुंदा पुंजिगत खर्चको हिस्सा वढाउन तर्फ पालिकाले जोड दिनुपर्दछ ।

१२ **चालु बजेट तथा चालु खर्चः**

स्थानीय सरकार सञ्चलान ऐन २०७४ वमोजिम पालिकाहरुमा वार्षिक कार्यक्रम तथा बजेट परिषदबाट स्वीकृत गरी बजेट विनियोजन गर्नुपर्दछ ।

| क्र.स. | आर्थिक वर्ष | चालुबजेट | चालु खर्च | बजेटको तुलनामा चालु खर्चको प्रतिशत |
|---|---|---|---|---|
| १ | २०८०/८१ | ४८,७४,०९,०२९ | ४५,०५,९२,४४८ | ९२.४५% |

पालिकाले यस वर्ष चालु तर्फ रु. ४८ करोड ७४ लाख ९ विनियोजन गरेकोमा रु. ४५ करोड ५ लाख ९२ हजार खर्च गरेको छ जुन ९२.४५ प्रतिशत हुन आउँछ । चालु खर्चलाई वाञ्छित सिमाभित्र राखि पुँजिगत खर्चको प्रतिशतलाई वढाउन तर्फ पालिकाले ध्यान दिनुपर्दछ ।

१३ **क्षेत्रगत बजेट र खर्चः**

स्थानीय सरकार संचालन ऐन, २०७४ दफा ६७ मा वजेट तथा कार्यक्रम तर्जुमा समितिको व्यवस्था छ ।स्थानीय तहको एकीकृत, समानुपातिक र दिगो विकासका क्षेत्रगत रुपमा समानुपातिक बजेट विनियोजन गरी खर्च गर्नुपर्ने हुन्छ । यस पालिकाको २०८०।८१ को क्षेत्रगत बजेट र खर्चको स्थिति देहायअनुसार रहेको देखिन्छ ।

रु हजारमा

| मुख्य क्षेत्र | वार्षिक वजेट | खर्च रकम | कुल खर्च मध्ये प्रतिशत |
|---|---|---|---|
| आर्थिक विकास | १९९५३ | १६११७ | ८०.७७ |
| सामाजिक विकास | ३७९२४७ | ३५८०६८ | ९४.४१ |
| पूर्वाधार विकास | १४१८८३ | १२०४७० | ८४.९० |
| सुशासन तथा अन्तरसम्वन्धित क्षेत्र | १४२९३ | ९१७४ | ६४.१८ |
| कार्यलय सञ्चालन | १३५४५० | ११९६५१ | ८८.३३ |
| **जम्मा** | ६९०८२७ | ६२३४८२ | ९०.२४ |

उपरोक्तानुसार कुल खर्च मध्ये सामाजिक विकासमा ९४.४१ प्रतिशत र सुशासन तथा अन्तरसम्वन्धित क्षेत्रमा ६४.१८ खर्च भएको देखिदा वजेट विनियोजन तथा खर्च गर्दा सन्तुलित तथा समन्यायिक हिसावले खर्च गर्ने पद्धतिको विकास गर्नुपर्दछ ।

१४ **त्रैमासिक पूँजीगत खर्चः**

आर्थिका कार्यविधि तथा वित्तिय उत्तरदायित्व नियमावली, २०७७ को नियम ३५ बमोजिम स्वीकृत भएको कार्यक्रममा अनुसुचि २ बमोजिम त्रैमासिक प्रगति विवरण बनाउनु पर्ने व्यवस्था छ । पालिकाले उपलब्ध गराएको विवरण अनुसार यस आर्थिक वर्षमा गरेको खर्चको स्थिती देहाय बमोजिम रहेको छ ।

| सि.नं. | खर्च शीर्षक | कुल खर्च | त्रैमासिक खर्च (रु.हजारमा) | | | | आषाढ महिनाको मात्र खर्च |
|---|---|---|---|---|---|---|---|
| | | | प्रथम त्रैमासिक | दोस्रो त्रैमासिक | तेस्रो त्रैमासिक | चौथो त्रैमासिक | |
| १ | कूल खर्च | १७२८७७ | ८०९५ | ३०२२४ | ४६५२७ | ८८०२९ | ४९८८१ |
| | खर्च प्रतिशत | १००.०० | ४.६८ | १७.४८ | २६.९१ | ५०.९३ | २८.८५ |

उल्लेखित विवरण अनुसार चौथो त्रैमासिकमा पूँजीगत खर्चको ५०.९३ प्रतिशत खर्च भएको देखिन्छ भने असार महिनामा मात्र २८.८५ प्रतिशत खर्च भएको देखिन्छ । त्यसैले चौथो त्रैमासिक र असार महिनामा बढी खर्च गर्दा सार्वजनिक निर्माणको गुणस्तर र अनुगमन नियमनमा समेत असर पर्ने हुंदा यस्तो खर्च गर्ने पद्धतिमा नियन्त्रण हुनुपर्दछ ।

१५ **योजना छनौट र कार्यान्वयनः**

स्थानीय सरकार सञ्चालन ऐन, २०७४ को दफा २४ बमोजिम स्थानीय तहले योजना बनाउँदा सहभागितमूलक, उत्पादनमूलक र प्रतिफल प्राप्त योजना छनौट गरी प्राथमिकिकरण गर्नुपर्ने व्यवस्था छ । पालिकाले यस वर्ष कार्यान्वयन गरेका योजनाहरुको विवरण देहाए

बमोजिम रहेको छ ।

(रु. हजारमा)

| क्र.सं. | विवरण | योजनासंख्या(ठेक्का बाहेक) | रकम |
|---|---|---|---|
| १ | रु.१ लाखभन्दा कमको योजना | ४१ | ३५२७ |
| २ | रू.१ लाख देखि रू.३ लाख सम्मका योजना | १२१ | २५४२३ |
| ३ | रू.३ लाख देखि माथि रू.५ लाख सम्मका योजना | ५२ | २३१६१ |
| ४ | रु.५ लाखदेखि माथि रू.१० लाख सम्मका योजना | २४ | २७६०० |
| ५ | रू.१० लाख देखि माथि रू.२५ लाख सम्मका योजना | २० | ३१७८९ |
| ६ | रू.२५ लाख भन्दा माथीका योजना | २ | १०३३७ |
| | **जम्मा** | **२६०** | **१११८३७** |

उपरोक्त विवरण अनुसार ५ लाख भन्दा कमका २१४ योजना अर्थात ८२ प्रतिशत साना तथा टुक्रे योजनामा बजेट विनियोजन गर्दा अपेक्षित उपलब्धी प्राप्त गर्न कठिनाई हुने हुँदा यस्तो कार्यमा नियन्त्रण गरी ठुला र प्राथमिकता प्राप्त योजनामा ध्यान दिनुपर्दछ ।

१६ **पेश्कीः**

आर्थिक कार्यविधि तथा वित्तीय उत्तरदायित्व नियमावली, २०७७ को नियम ४७ मा पेश्की दिने र फछर्यौट गर्ने कार्यविधि तोकेको छ। पालिकाले यस वर्ष विभिन्न व्यक्ति संस्थालाई कार्य गर्न पेश्की दिएकोमा समय सिमा भित्रै पेश्की फछर्यौट गर्नुपर्ने रु

| भौ.नं. | पेस्कीको विवरण | पेश्कीलिने ब्यक्ति फर्म वा कम्पनीको नाम | म्याद नाघेको | म्याद ननाघेको |
|---|---|---|---|---|
| १७९।२०८०।७।२२ | हेभि ईक्विपमेन्ट मर्मत सम्भार | दीनबन्धु प्रसाद साह | ७५००० | ० |
| ३०८।२०८०।१०।९ | मर्मत सम्भार | दीनबन्धु प्रसाद साह | ५०००० | ० |
| २२।२०८१।२।२० | झो पु निर्माण | बाँसापाटा नयाँगाउँ झो पु उ स | ७०३८५५ | ० |
| | जम्मा | | ८२८८५५ | ० |

| पेश्की | ८,२८,८५५ |
|---|---|

१७ **ढुंगा गिटी वालुवा आयः**

स्थानीय सरकार संचालन ऐन, २०७४ को दफा ६२(क) मा पालिकाले आफ्नो क्षेत्र भित्रको वातावरणीय परीक्षणबाट तोकिएको परिमाणमा स्लेट, ढुङ्गा, गिट्टी, बालुवा विक्रीवापत प्राप्त रकम पालिकाले संचित कोषमा जम्मा गर्ने तथा गण्डकी प्रदेश सरकार, ढुंगा, गिट्टी, बालुवा, उत्खनन, संकलन र व्यवस्थित गर्ने कार्यविधि,२०७५ मा सम्बन्धित स्थानीय तहले ढुंगा गिट्टी बालुवा उत्खनन ठेक्का सम्झौता प्रदेश सरकारले तोकेको दरमा सम्झौता गरी संकलन गर्नुपर्ने व्यवस्था छ । पालिकाले २०७९ आश्विनमा २ वर्षको लागि एरो कन्सल्टेण्टस प्रा.लि संग सम्झौता गरी आई .ई .ई गरेको छ । जसअनुसार पालिकाको कार्यक्षेत्रका निम्नानुसारका १२ वटा खोलाको गिट्टी, ढुंगा, बालुवा संकलन एवं विक्री वितरण गर्न आई.ई .ले सिफारिस गरेको विवरण निम्नानुसार उल्लेख गरिएको छ ।

| क्रस | बगरको नाम | उत्खनन हुने अधिकतम परिमाण घन फिट | प्रदेशको दर | कैफियत |
|---|---|---|---|---|
| १ | मर्यानघाट वगर | १७४३३८ | ९ | १५६९०४२ |
| २ | काँडेकोरुख वगर | २३३१ | ९ | २००७९ |
| ३ | खारपानी वगर | १५६६२५ | ९ | १४०९६२५ |
| ४ | वालुवा वगर | २३५९९ | ९ | २१२३९१ |
| ५ | जोगी वगर | ७७१९४ | ९ | ६९४७४६ |
| ६ | भैसेरह वगर | २७९७ | ९ | २५१७३ |
| ७ | सिस्नेरी वगर | ३५४२७ | ९ | ३१८८४३ |
| ८ | एक्लेखेत वगर | ४६६१ | ९ | ४१९४९ |
| ९ | मसानघाट वगर | ९३८१२ | ९ | ८४४३०८ |
| १० | कालीरह वगर | ६१५३ | ९ | ५५३७७ |
| ११ | तुरतुरे वगर | १०४८८ | ९ | ९४३९२ |
| १२ | मजुवा वगर | १२९७७५ | ९ | ११६७९७५ |
| जम्मा | | ७१७१९९ | | ६४५४७९१ |

उपरोक्तानुसार १२ वटा खोला वगरको वार्षिक ७१७१९९ क्यु फिट उत्खनन हुन सक्ने सिफारिस गरेकोमा प्रदेशको वार्षिक दर रु ९ को दरले रु ६४ लाख ५४ हजार राजस्व आम्दानी प्राप्त हुने देखिन्छ । पालिकाले यस वर्ष रु १ लाख ९४ हजार मात्र राजस्व असुल गरेकोमा अन्य घाटको ठेक्का वा अमानतवाट राजस्व असुल नहुंदा पालिकालाई रु ९२ लाख राजस्व नोक्सानी भएको छ । पालिकाले उपरोक्त घाटहरुको समयमै ठेक्का व्यवस्थापन गर्ने वा ठेक्का नलाग्दासम्म अमानतवाट राजस्व संकलन गरी आन्तरिक राजस्व वढोत्तरीमा गम्भीर ध्यान जानुपर्दछ ।

१८ **घटी कर असुलीः**

स्थानीय सरकार संचालन ऐन, २०७४ को दफा ६२(क) मा पालिकाले आफ्नो क्षेत्र भित्रको वातावरणीय परीक्षणबाट तोकिएको परिमाणमा स्लेट, ढुङ्गा, गिट्टी, बालुवा विक्रीवापत प्राप्त रकम पालिकाले संचित कोषमा जम्मा गर्ने तथा गण्डकी प्रदेश सरकार, ढुंगा, गिट्टी, बालुवा, उत्खनन, संकलन र व्यवस्थित गर्ने कार्यविधि,२०७५ मा सम्बन्धित स्थानीय तहले ढुंगा गिट्टी बालुवा उत्खनन ठेक्का सम्झौता प्रदेश सरकारले तोकेको दरमा सम्झौता गरी संकलन गर्नुपर्ने व्यवस्था छ । पालिकाले सिस्नेरी वगरको ३५४२७ क्यु फिट र एक्लेखेतको ४६६१ क्यू फिट गरी कूल ४००८८ क्यू फिटको ठेक्का सम्झौता गर्नुपर्नेमा विना प्राविधिक आधार कारण जम्मा २१५०० क्यु फिटको मात्र गर्दा कूल उठ्नुपर्ने राजस्व रु ३६०७९२।०० मा रु २१८७६८।०० मात्र ठेक्का भई रु १४२०२४।०० घटी राजस्व असुल भएकोले नपुग भएको राजस्व प्राविधिक आधार विना घटी परिमाणको ठेक्का व्यवस्था गर्ने पदाधिकारीलाई जिम्मेवार तुल्याई असुल हुनुपर्ने रु.

| | |
|---|---|
| असुल गर्नुपर्ने | १,४२,०२४ |

१९ **खर्चको तुलनामा आयः**

आन्तरिक र खर्च आयको विश्लेषण - पालिकाको यस आर्थिक वर्षको आन्तरिक आय र खर्चको विवरए देहाय बमोजिम रहेको छ ।

| क्र.स. | आर्थिक वर्ष | आन्तरिक आय रु | पालिकाको जम्मा खर्च रु | आयको तुलनामा खर्चको प्रतिशत |
|---|---|---|---|---|
| १ | २०८०।८१ | ९७४८ | ६२३४६९ | १.५६ |

पालिकाको यस आर्थिक वर्षको जम्मा खर्च रु. ६२ करोड ३४ लाख ६९ रहेकोमा राजश्व संकलन रु. ९७ लाख ४८ हजार गरेको छ । पालिकाको आन्तरिक आय कूल खर्चको १.५६ प्रतिशत हुन आउँछ जुन खर्चको तुलनामा आन्तरिक आय न्यून रहेको देखिन्छ ।

२० **शीर्षकगत लक्ष्य असुलीः**

स्थानीय सरकार संचालन ऐन, २०७४ को दफा ५५, ५७, ५८ र ५९ मा एकीकृत सम्पत्ति कर र घरजग्गा कर, घरजग्गा वहाल कर, व्यवसाय कर र वहाल विरौटी शुल्क उठाउने व्यवस्था रहेको छ । पालिकाको यस वर्ष आन्तरिक आयको अनुमान र असुली स्थिति निम्नानुसार रहेको देखिन्छ ।

| क्र.सं. | आम्दानी शीर्षक | अनुमान | यस महिना सम्मको आम्दानी | असुली प्रतिशत |
|---|---|---|---|---|
| १ | सम्पती कर | १०००००० | ३०९४२८.२७ | ३० |
| २ | भुमिकर/मालपोत | २२००००० | १९०२०२१.४५ | ८६ |
| ३ | वहाल कर | ६००००० | ३२८४२३.६ | ५४ |
| ४ | वहाल विटौरी कर | १००००० | ६९८५४ | ६९ |
| ५ | सवारी साधन कर (साना सवारी) | ५०००० | १०००० | २० |
| ६ | पुर्वाधार सेवाको उपयोगमा लाग्ने कर | २००००० | २००० | १ |
| ७ | व्यवसायले भुक्तानी गर्ने | ० | ९३८५० | १०० |
| ८ | व्यवसाय बाहेक अन्यले भुक्तानी गर्ने | ० | ८५०० | १०० |
| ९ | कृषितथा पशुजन्य वस्तुको व्यावसायिक कारोवारमा लाग्ने कर | ० | १४५०० | १०० |
| १० | अन्य कर | ४००००० | ३००११८.८ | ७५ |
| ११ | कृषि उत्पादनको बिक्रीबाट प्राप्त रकम | ० | ११२०० | १०० |
| १२ | अन्य बिक्रीबाट प्राप्त रकम | ० | ५६०५३८ | १०० |
| १३ | विद्युत सेवा शुल्क | ० | २९२०० | १०० |
| १४ | अन्य सेवा शुल्क तथा बिक्री | ४३००००० | १६९८०७.८७ | ४ |
| १५ | न्यायिक दस्तूर | १०००० | १४०० | १४ |
| १६ | शिक्षा क्षेत्रको आम्दानी | ५०००० | ११००० | २२ |
| १७ | परीक्षा शुल्क | १००००० | ३५३०० | ३५ |
| १८ | अन्य प्रशासनिक सेवा शुल्क | ५००००० | ८४३१० | १७ |
| १९ | नक्सापास दस्तुर | १००००० | ४८९८८.९६ | ५० |
| २० | सिफारिश दस्तुर | १३००००० | १९०२७२३.५ | १४६ |
| २१ | व्यक्तिगत घटना दर्ता दस्तुर | ३९०००० | ४३०१०० | १११ |
| २२ | नाता प्रमाणित दस्तुर | १००००० | ३९५०० | ३९ |
| २३ | अन्य दस्तुर | ३००००० | १९१५१५१.८७ | ६३८ |
| २४ | व्यावसाय रजिष्ट्रेशन दस्तुर | ० | ९५००० | १०० |
| २५ | विद्युत सम्बन्धी दस्तुर | ० | २००० | १०० |
| २६ | जलस्रोत सम्बन्धी अन्य दस्तुर | ० | १४००० | १०० |
| २७ | अन्य क्षेत्रको आय | ० | २६२५८३.१७ | १०० |
| २८ | न्यायिक दण्ड जरिवाना र जफत | ० | १२० | १०० |
| २९ | धरौटी सदरस्याहा | १००००० | ० | 0 |
| ३० | अन्य राजस्व | १००००० | ३२४८६१.६२ | ३२४ |
| | | | | |

| | | | | |
|---|---|---|---|---|
| ३१ | व्यवसाय कर | ८००००० | ७६७५३३ | ९५ |
| ३२ | बेरूजू | ३००००० | ४५४५ | २ |
| जम्मा | | १३०००००० | ९७४८५५९.११ | ७४.९८ |

उपरोक्त विवरण अनुसार पालिकाले यस वर्ष अनुमानको तुलनामा ७४.९८, प्रतिशत आन्तरिक आय संकलन गरेको देखिन्छ । सम्पतिकरमा लक्ष्यको तुनलामा ३० प्रतिशत, व्यवसायकरमा ९५.८, वहालकरमा ५० प्रतिशत अन्य सेवा शुल्क विक्रीमा ४ प्रतिशतमात्र असुली हुंदा समग्र लक्ष्यको तुलनामा घटी राजस्वा असुली भएको छ ।पालिकाले लक्ष्यअनुसारको राजस्व असुली गर्न यथार्थपरक लक्ष्य निर्धारण गरी राजस्वको दायरालाई अझ फराकिलो वनाउनुपर्ने देखिन्छ ।

२१ **करको दायराः**

पालिकाको आर्थिक ऐन, २०८० को दफा(१ देखि १५)सम्ममा उल्लेख भएवमोजिम पालिकाको क्षेत्रभित्र कुनैपनि आर्थिक कारोवार गरेमा सम्वन्धित दफा तथा अनुसुची वमोजिम दर्ता भई कर दाखिला गर्नुपर्ने व्यवस्था छ । यस पालिकाको क्षेत्रभित्र आर्थिक वर्ष २०८०।८१ सम्म विभिन्न शीर्षकमा के कति करदाता करको दायरामा आए भन्ने एकिन गरेको देखिएन । सम्पूर्ण रेकर्ड व्यवस्थापन हुनुपर्दछ ।

२२ **व्यवसाय करः**

पालिकाले तर्जुमा गरेको आर्थिक ऐन,२०८० को दफा ४ वमोजिम पालिका क्षेत्र भित्र अनुसुची ३ वमोजिम व्यवसायकर लगाईने उल्लेख छ ।यस पालिकाको कार्यक्षेत्रभित्र कति करदाता व्यवसायकरमा दर्ता भएको छन् कुनै स्पष्ट रेकर्ड नै नभएकोले विश्लेषण गर्न सकिएन । यस पालिकाले कार्यक्षेत्रभित्रको व्यवसाय करमार्फत यस वर्ष रु ८ लाख राजस्व असुल गर्ने लक्ष्य राखेकोमा यस शीर्षकमा रु. ७ लाख ६७ हजार असुली भएको छ । लक्ष्य अनुसार असुली नहुनुको कारण पहिचान गरी राजस्वको दायरामा वढीत्तरी गर्नुपर्दछ ।

२३ **घरवहाल करः**

पालिकाले तर्जुमा गरेको आर्थिक ऐन,२०८० को दफा ३ वमोजिम पालिका क्षेत्र भित्र अनुसुची ३ वमोजिम व्यवसायकर लगाईने उल्लेख छ।यस शीर्षकमा पालिकाले ६ लाख असुली गर्ने लक्ष्य राखेकोमा ३ लाख २८ हजार अर्थात ५४ प्रतिशत असुली भएको छ ।घरवहाल करको दायरा विस्तार गर्नुपर्ने देखिन्छ ।

२४ **वक्यौता व्यवस्थापनः**

यस वर्षसम्म दर्ता भएका कूल करदाता कति हुन र कति करदाताले करदाखिला गरे साथै २०८१ आषाढ सम्म के कति करदाताले कर तिर्न वांकी रहेको छ वांकी वक्यौता कति हो सोको अद्यावधिक विवरण पेश हुन सकेन । पालिकाले करदाताको वक्यौता अभिलेख रियलटाईम अद्यावधिक भएको पाईएन तसर्थः करदाताको रियल टाईम वक्यौता देखिने गरी प्रणालीको विकास गरी लगत अद्यावधिक गर्नुपर्दछ ।

२५ **सम्पत्ति करः**

पालिकाले तर्जुमा गरेको आर्थिक ऐन,२०८० को दफा १ वमोजिम पालिका क्षेत्र भित्र सम्पत्ति कर लगाईने उल्लेख छ । छ।यस शीर्षकमा पालिकाले १० लाख असुली गर्ने लक्ष्य राखेकोमा ३ लाख ०९ हजार अर्थात ३० प्रतिशत असुली भएको छ ।सम्पत्ति करको दायरा विस्तार गर्नुपर्ने देखिन्छ ।

२६ **स्वीकृती बेगरको सफ्टवेयर सञ्चालनः**

आर्थिक कार्यविधि तथा वित्तिय उत्तरदायित्व ऐन, २०७६ को दफा ६२( सफ्टवेयर संचालन सम्वन्धि व्यवस्था छ । पालिकाले महालेखा नियन्त्रक कार्यालयको स्वीकृती बेगर निम्नानुसारको सफ्टवेयर खरीद गरी कार्य गर्दै आएको छ । स्वीकृती बेगरको त्यस्तो सफ्टवेयर प्रयोग गर्दा उक्त प्रणालीको सुरक्षा, त्यसले तयार गर्ने प्रतिवेदनको विस्वसनीयता र सम्भाव्य जाखिम बारे समेत आश्वसता हुन सक्ने अवस्था देखिदैन। पालिकाले सप्लायर्शबाट source code प्राप्त गरी तोकिएको कानूनी व्यवस्थाको पालनामा ध्यान दिनुपर्दछ ।

| क्र.स. | सफ्टवेयरको विवरण | परार्मशदाताको नाम | लागत अनुमान रु. | सम्झौता रकम रु. |
|---|---|---|---|---|
| १ | विद्युतिय स्वास्थ्य सुचना रेकर्डिङ र रिपोर्टिङ प्रणाली | कोर्ट फ्युजन टेक्नोलोजि प्रा ली | २२५००० | १७०६७९ |
| २ | डिजिटलल प्रोफाईल निर्माण | फोर जी ईन्जिनियरिङ सलुसन प्रा ली | १९९९९९८ | १९८८८०० |
| ३ | डिजिटल डिस्प्ले बोर्ड | ईनोभेटिभ मिडिया एण्ड मल्टिपल विजिनेस प्रा ली | ७१८५९८ | ६६४३१५ |

२७ **कन्टिनजेन्सी खर्चः**

सार्वजनिक खरिद नियमावली, २०६४ को नियम १० (७) मा कन्टिन्जेन्सी कट्टा गर्नुपर्ने सम्वन्धि व्यवस्था रहको छ। पालिकाले यस वर्ष विभिन्न शिर्षकमा रु. १६ लाख ४ हजार कन्टिन्जेन्सी खर्च गरेको छ। खर्च लेख्दा खर्चको स्पष्ट उद्देश्य र यथार्थता प्रमाणित हुने आवश्यक प्रमाण संलग्न गरेर मात्रै कन्टिन्जेन्सी खर्च गर्नुपर्दछ ।

| कन्टिन्जेन्सी रकमको विवरण | खर्च रकम |
|---|---|
| ईन्धन | ३,५९,३०० |
| अनुगमन तथा भ्रमण | २,७८,६०० |
| विविध खर्च | २,०८,९०० |
| कार्यालय सामाग्री | २,३०,१०० |
| पत्रपत्रिका तथा सुचना प्रकाशन | २,८६,००० |
| मर्मत संभार | २,४१,२०० |
| जम्मा | १६,०४,१०० |

२८ **डि.पि.आर तयारी तथा कार्यान्वयनः**

सार्वजनिक खरिद ऐन,२०६३ को दफा ३९ वमोजिम सेवा परामर्श विधिवाट गर्न सकिनेछ । बजेट व्यवस्था भई कार्यान्वयन हुने आयोजनाको मात्र गुरुयोजना डीपीआर लगायतको अध्ययन गरी प्रतिवेदन तयार गर्नु पर्दछ । यस कार्यालयले यो बर्ष स्वीकृत बार्षिक कार्यक्रम अनुसार देहायबमोजिमको कार्य परामर्शदाताबाट गराई प्रतिवेदन प्राप्त गरको छ ।

| क्र.स. | कामको विवरण | परार्मशदाताको नाम | लागत अनुमान रु. | सम्झौता रकम रु. | घटी प्रतिशत | खरिद विधि |
|---|---|---|---|---|---|---|
| १ | खड्गदेवी मा. वि. भवन | अस्त्र ईन्जिनियरिङ कन्सल्टेन्सि प्रा. ली. | ११०५७४३ | ९३३७७५ | १५.५६ | RFP |
| २ | दगा – जिमि – राक्से खर्बाङ सडक | एरो कन्सल्टेन्ट प्रा. ली. | ४९१३३२ | ४७४६०० | ३.४१ | कोटेशन |
| ३ | जलजला सिसाखानी सडक | ईगल्स सलुसन प्रा. ली. | १९११८२५ | १५१८१५५ | २०.५९ | RFP |
| ४ | राजस्व सुधार योजना | ग्लोवल ईम्प्याक्ट्स् प्रा. ली. | ४९९९९९ | ४९८३३० | ०.३४ | कोटेशन |
| ५ | दोस्रो आवधिक बिकास योजना | निष्कर्ष रिसर्ज सेन्टर प्रा. ली. | ९९९९९४ | ९९३२७० | ०.६७ | RFP |
| | जम्मा | | ५००८८९३ | ४४१८१३० | ११.७९ | |

उपरोक्त विवरण अनुसार पालिकाले डि. पि. आर. तयारीमा सेवा कार्यमा RFP र कोटेशन विधिबाट ५ वटा सेवा खरिदका लागि जम्मा रु. ५० लाख ८ हजार ८९३ को लागत अनुमान तयार गरी सम्झौता अनुसार रु. ४४ लाख १८ हजार १३० भुक्तानी गरेको छ । उक्त खरिद गर्दा लागत अनुमानको तुलनामा औसतमा ११.७९ प्रतिशत कम रकममा खरिद सम्झौता भएको देखिन्छ । पालिकाले यस्तो

कार्य गर्दा सम्भव भए सम्म कार्यालयकै प्राविधिक जनशक्तिबाट गराउने तथा परामर्श सेवा खरिद गर्नुपर्दाको अवस्थामा प्रतिस्पर्धात्मक विधिको अवलम्बन गरी सार्वजनिक खर्चमा अधिकतम् मितव्ययीता कायम गर्ने तर्फ ध्यान दिनुपर्दछ ।

२९ **विद्यालयको अनुगमन नियमन व्यवस्था :**

स्थानीय सरकार सञ्चालन ऐन, २०७४ को दफा ११ अनुसार माध्यमिक तहसम्मका विद्यालय संचालन तथा व्यवस्थापनको लागि आवश्यक नीति निर्माण, अनुगमन मुल्याङ्कन तथा नियमन सम्बन्धि कार्य सम्बन्धित पालिकाले गर्ने व्यवस्था भएकोमा पालिकाले विद्यालय अनुगमन मापदण्ड तयार गरेको छैन । जसबाट विद्यालय अनुगमन कार्य शिक्षण शिकाइ कार्य प्रभावकारी रुपमा संचालन हुन नसक्ने देखिएकोले अनुगमन मापदण्ड तयार गरी विद्यालय अनुगमन कार्यलाई प्रभावकारी रुपमा संचालन गर्ने तर्फ ध्यान दिनुपर्दछ । साथै पालिकाले निजी विद्यालय व्यवस्थापन र अनुगमन मापदण्ड निर्धारण गरेको नदेखिएकोले सो तर्फ पनि पालिकाले ध्यान दिनुपर्दछ ।

३० **स्यानिटरी प्याड :**

स्यानिटरी प्याड (वितरण तथा व्यवस्थापन) कार्यविधि २०७६ को दफा ४ मा पालिकाले खरिद गरेको स्यानिटरी प्याड गुणस्तरमा कमी नआउने गरी भण्डारण गर्नुपर्ने उल्लेख छ। साथै दफा ५ मा स्यानिटरी प्याड त्रैमासिक , चौमासिक वा अर्धवार्षिक रुपमा वितरण गर्न सकिने उल्लेख छ। पालिका भित्रका सामुदायिक विद्यालयहरुमा कक्षा ६ भन्दा माथिका छात्रा विद्यार्थीहरु ३२५९ जना रहेका छन। पालिकाले भौ. नं. ९८।२०८०-११-१६ बाट २१५६० थान स्यानिटरी प्याड रु.८७७०६०।८० (मु अ कर समेत) मा खरिद गरेको छ।खरिद गरेको मध्ये २५ वटा बिधालयमा २१३७९ थान वितरण गरीएको र वाँकी १८१ थान वितरण गर्न वाँकी रहेको छ । खरिद गरिएका प्याडहरु भण्डारण गर्दा गुणस्तरमा कमी नआउने गरी सुरक्षित रुपमा राख्नुका साथै खरीद गरीएका सामान बिधालयलाई समयमै हस्तान्तरण गरी भरपाई पेश गर्नुपर्ने रु.

| | |
|---|---|
| प्रमाण पेश नगरेको | ६,५१६ |

३१ **ईन्टरनेट जडान :**

कार्यक्रम कार्यन्वयन पुस्तीका २०८०।०८१ को व्यवस्था अनुसार पालिका भित्रका ६३ विद्यालयहरुलाई ईन्टरनेट जडानका लागी प्रति विद्यालय रु.१२ हजार का दरले भुक्तानी भएकोमा ६३ वटा विद्यालयको ईन्टरनेट जडान भएको बिल पेश नहुनुको साथै पालिकाले अनुगमन समेत गरेको नपाईएकोले सो को प्रमाण पेश गर्नुपर्ने रु.

| क्र.सं. | विधालयको नाम | निकासा रकम |
|---|---|---|
| १ | जनता आधारभूत विधालय, दर्लिङ | १२००० |
| २ | सिद्धवारी प्राथमिक विधालय, रणसिंह | १२००० |
| ३ | सिद्ध माध्यमिक विधालय, दर्लिङ | १२००० |
| ५ | लौगा माध्यमिक विधालय, जलजला | १२००० |
| ६ | थानपति आधारभूत विधालय, ग्वालीचौर | १२००० |
| ७ | शिवालय प्राथमिक विधालय, रणसिंह | १२००० |
| ८ | नैतुल आधारभूत विधालय, जलजला | १२००० |
| ९ | भगवती प्राथमिक विधालय, जलजला | १२००० |
| १० | गुफा आधारभूत विधालय, जलजला | १२००० |
| ११ | देउराली प्राथमिक विधालय, ग्वालीचौर | १२००० |
| १२ | सिद्ध प्राथमिक विधालय, जलजला | १२००० |
| १३ | सुरकुडी प्राथमिक विधालय, भिमगिठे | १२००० |
| १४ | नेपाने आधारभूत विधालय, रणसिंह | १२००० |
| १५ | अदुवावारी प्राथमिक विधालय, ग्वालीचौर | १२००० |
| १६ | खड्गजयन्ती माध्यमिक विधालय, भिमगिठे | १२००० |
| १७ | भगवती प्राथमिक विधालय, दगा | १२००० |
| १८ | लुङ्खानी प्राथमिक विधालय, रणसिंह | १२००० |
| १९ | डाँफे पाताल आधारभूत विधालय, भिमगिठे | १२००० |
| २० | नवजागरण प्राथमिक विधालय, दर्लिङ | १२००० |
| २१ | कालिका प्रथमिक विधालय, रणसिंह | १२००० |
| २२ | भिरकटेरा ताल प्राथमिक विधालय, ग्वालीचौर | १२००० |
| २३ | माइस्थान प्राथमिक विधालय, भिमगिठे | १२००० |
| २४ | मालारानी प्राथमिका विधालय, दर्लिङ | १२००० |
| २५ | विधाप्रकाश प्राथमिक विधालय, दर्लिङ | १२००० |
| २६ | सरस्वती प्राथमिक विधालय, जलजला | १२००० |
| २७ | नमूना प्राथमिक विधालय, दर्लिङ | १२००० |
| २८ | चिसापानी प्राथमिक विधालय, दर्लिङ | १२००० |
| २९ | आदित्य प्राथमिक विधालय, भिमगिठे | १२००० |
| ३० | सरस्वती प्राथमिक विधालय, दगा | १२००० |
| ३१ | चमेरेगुफा प्राथमिक विधालय, ग्वालीचौर | १२००० |
| | | |

| | | |
|---|---|---|
| ३२ | कालिका प्राथमिक विधालय, दगा | १२००० |
| ३३ | भीमगिठे माध्यमिक विधालय, भिमगिठे | १२००० |
| ३४ | भानू माध्यमिक विधालय, ग्वालीचौर | १२००० |
| ३५ | पौदीटारी आधारभूत विधालय, ग्वालीचौर | १२००० |
| ३६ | त्रिभुवन माध्यमिक विधालय, दगा | १२००० |
| ३७ | दगातुन्डाँडा प्राथमिक विधालय, दगा | १२००० |
| ३९ | खड्गदेवी माध्यमिक विधालय, दगा | १२००० |
| ४० | बनस्पति माध्यमिक विधालय, जलजला | १२००० |
| ४१ | माझखर्क प्राथमिक विधालय, भिमगिठे | १२००० |
| ४२ | सिद्धपुर प्राथमिक विधालय, दगा | १२००० |
| ४३ | जनक आधारभूत विधालय, भिमगिठे | १२००० |
| ४४ | भानू आधारभूत विधालय, दर्लिङ | १२००० |
| ४५ | भृकुटी माध्यमिक विधालय, रणसिंह | १२००० |
| ४६ | कञ्चनापुर आधारभूत विधालय, सिसाखानी | १२००० |
| ४७ | कञ्चनादेवी प्राथमिक विधालय, सिसाखानी | १२००० |
| ४८ | किटेनी प्राथमिक विधालय रणसिहं | १२००० |
| ४९ | चण्डीस्थान प्राथमिक विधालय, दगा | १२००० |
| ५० | दिपज्योति प्राथमिक विधालय, ग्वलीचौर | १२००० |
| ५१ | फूलवारी प्राथमिक विधालय, रणसिंह | १२००० |
| ५२ | तीनचुले प्राथमिक विधालय, रणसिंह | १२००० |
| ५३ | देविस्थान प्राथमिक विधालय, सिसाखानी | १२००० |
| ५४ | देउराली प्राथमिक विधालय, दर्लिङ | १२००० |
| | जम्मा | ६,२४,००० |

( ✂ ..... कार्यालयले बेरुजु फर्स्यौट गरी पेश गरेको मनासिब देखिएकोले मिति **२०८१-१२-३१** को निर्णयले रू **१२,०००** सम्परीक्षण गरी लगत कट्टी गरिएको ।)

( ✂ ..... कार्यालयले बेरुजु फर्स्यौट गरी पेश गरेको मनासिब देखिएकोले मिति **२०८१-१२-३१** को निर्णयले रू **१२,०००** सम्परीक्षण गरी लगत कट्टी गरिएको ।)

( ✂ ..... कार्यालयले बेरुजु फर्स्यौट गरी पेश गरेको मनासिब देखिएकोले मिति **२०८१-१२-३१** को निर्णयले रू **१२,०००** सम्परीक्षण गरी लगत कट्टी गरिएको ।)

( ✂ ..... कार्यालयले बेरुजु फर्स्यौट गरी पेश गरेको मनासिब देखिएकोले मिति **२०८१-१२-३१** को निर्णयले रू **१२,०००** सम्परीक्षण गरी लगत कट्टी गरिएको ।)

( ✂ ..... कार्यालयले बेरुजु फस्र्यौट गरी पेश गरेको मनासिब देखिएकोले मिति **२०८१-१२-३१** को निर्णयले रू **१२,०००** सम्परीक्षण गरी लगत कट्टी गरिएको ।)

( ✂ ..... कार्यालयले बेरुजु फस्र्यौट गरी पेश गरेको मनासिब देखिएकोले मिति **२०८१-१२-३१** को निर्णयले रू **१२,०००** सम्परीक्षण गरी लगत कट्टी गरिएको ।)

( ✂ ..... कार्यालयले बेरुजु फस्र्यौट गरी पेश गरेको मनासिब देखिएकोले मिति **२०८१-१२-३१** को निर्णयले रू **१२,०००** सम्परीक्षण गरी लगत कट्टी गरिएको ।)

( ✂ ..... कार्यालयले बेरुजु फस्र्यौट गरी पेश गरेको मनासिब देखिएकोले मिति **२०८१-१२-३१** को निर्णयले रू **१२,०००** सम्परीक्षण गरी लगत कट्टी गरिएको ।)

( ✂ ..... कार्यालयले बेरुजु फस्र्यौट गरी पेश गरेको मनासिब देखिएकोले मिति **२०८१-१२-३१** को निर्णयले रू **१२,०००** सम्परीक्षण गरी लगत कट्टी गरिएको ।)

( ✂ ..... कार्यालयले बेरुजु फस्र्यौट गरी पेश गरेको मनासिब देखिएकोले मिति **२०८१-१२-३१** को निर्णयले रू **१२,०००** सम्परीक्षण गरी लगत कट्टी गरिएको ।)

( ✂ ..... कार्यालयले बेरुजु फस्र्यौट गरी पेश गरेको मनासिब देखिएकोले मिति **२०८१-१२-३१** को निर्णयले रू **१२,०००** सम्परीक्षण गरी लगत कट्टी गरिएको ।)

| | |
|---|---|
| प्रमाण पेश नगरेको | ६,२४,००० |

३२ **विद्यालयमा शैक्षिक गुणस्तर सुदृढीकरण एवम् कार्यसम्पादनमा आधारित प्रोत्साहन अनुदान :**

( ✂ ..... कार्यालयले बेरुजु फस्र्यौट गरी पेश गरेको मनासिब देखिएकोले मिति **२०८१-१२-३१** को निर्णयले रू **९,७५०** सम्परीक्षण गरी लगत कट्टी गरिएको ।)

( ✂ ..... कार्यालयले बेरुजु फस्र्यौट गरी पेश गरेको मनासिब देखिएकोले मिति **२०८१-१२-३१** को निर्णयले रू **९,७५०** सम्परीक्षण गरी लगत कट्टी गरिएको ।)

( ✂ ..... कार्यालयले बेरुजु फस्र्यौट गरी पेश गरेको मनासिब देखिएकोले मिति **२०८१-१२-३१** को निर्णयले रू **९,७५०** सम्परीक्षण गरी लगत कट्टी गरिएको ।)

( ✂ ..... कार्यालयले बेरुजु फस्र्यौट गरी पेश गरेको मनासिब देखिएकोले मिति **२०८१-१२-३१** को निर्णयले रू **९,७५०** सम्परीक्षण गरी लगत कट्टी गरिएको ।)

( ✂ ..... कार्यालयले बेरुजु फस्र्यौट गरी पेश गरेको मनासिब देखिएकोले मिति **२०८१-१२-३१** को निर्णयले रू **९,७५०** सम्परीक्षण गरी लगत कट्टी गरिएको ।)

| | |
|---|---|
| असुल गर्नुपर्ने | ० |

३३ **शिक्षक विधार्थि अनुपात :**

स्थानीय तहमा रहेका सामुदायिक विद्यालयहरुमा दरबन्दी अनुसार शिक्षकको पदपूर्ति भई नियमित पठनपाठनको व्यवस्था हुनुपर्दछ । विद्यालय समायोजन कार्यान्वयन निर्देशिका, २०७० ले जिल्ला शिक्षा समन्वय अधिकारीको सिफारिसमा जिल्ला शिक्षा समितिको निर्णयले न्यून विद्यार्थी भएका विद्यालयलाई अर्को पायक पर्ने विद्यालयमा नियमानुसार समायोजन गर्नसक्ने उल्लेख छ। निर्देशिकाको बुँदा नं. १४.१ मा विद्यालय समायोजन सम्बन्धी कार्यक्रम कार्यान्वयनका लागी विद्यालयको तथ्याङ्क संकलगन गरी सम्भाव्यता अध्ययन गर्नुपर्ने व्यवस्था छ। यस पालिका अन्तर्गत रहेका ६३ सामुदायिक विद्यालयसमेतको प्राप्त विवरण अनुसार देहायका विद्यालयको शिक्षक विद्यार्थी अनुपात निम्नानुसार रहेको देखिन्छ।

| क्र. सं | विधालयको नाम | शिक्षक संख्या | विधार्थि संख्या | शिक्षक विधार्थि अनुपात |
|---|---|---|---|---|
| १ | खड्गदेवी माध्यमिक विधालय दगा | १८ | २७४ | १३७:९ |
| २ | दगातुन्डाँडा प्राथमिक विधालय दगा | ४ | ५२ | १३:१ |
| ३ | सिद्धपुर प्राथमिक विधालय दगा | ४ | ४३ | ४३:४ |
| ४ | माइस्थान प्राथमिक विधालय दगा | ३ | १७ | १७:३ |
| ५ | कालिका प्राथमिक विधालय दगा | २ | २० | १०:१ |
| ६ | त्रिभुवन माध्यमिक विधालय दगा | २६ | ९९० | ४९५:१३ |
| ७ | भगवती प्राथमिक विधालय दगा | ४ | ४३ | ४३:४ |
| ८ | रेमली टोला प्राथमिक विधालय दगा | २ | ७४ | ३७:१ |
| ९ | चण्डीस्थान प्राथमिक विधालय दगा | २ | ३० | १५:१ |
| १० | सरस्वती प्राथमिक विधालय दगा | २ | २९ | २९:२ |
| ११ | सिसाखानी माध्यमिक विधालय सिसाखानी | १४ | २०६ | १०३:७ |
| १२ | कञ्चनापुर आधारभूत विधालय सिसाखानी | ८ | १५९ | १५९:८ |
| १३ | कञ्चनादेवी प्राथमिक विधालय सिसाखानी | ३ | ३१ | ३१:३ |
| १४ | किटेनी प्राथमिक विधालय सिसाखानी | २ | २८ | १४:१ |
| १५ | देविस्थान प्राथमिक विधालय सिसाखानी | २ | २२ | ११:१ |
| १६ | बनस्पति माध्यमिक विधालय जलजला | १७ | ३०४ | ३०४:१७ |
| १७ | लौगा माध्यमिक विधालय जलजला | १३ | २४३ | २४३:१३ |
| १८ | गुफा आधारभूत विधालय जलजला | ५ | ७७ | ७७:५ |
| १९ | नैतुल आधारभूत विधालय जलजला | ७ | ८८ | ८८:७ |
| २० | सिद्ध प्राथमिक विधालय जलजला | ३ | २६ | २६:३ |
| २१ | सरस्वती प्राथमिक विधालय जलजला | ३ | २९ | २९:३ |
| २२ | भगवती प्राथमिक विधालय जलजला | ४ | ३५ | ३५:४ |
| २३ | भानू माध्यमिक विधालय ग्वालीचौर | १६ | ४४१ | ४४१:१६ |
| २४ | खार माध्यमिक विधालय ग्वालीचौर | १४ | २८७ | ४१:२ |
| २५ | पौदीटारी आधारभूत विधालय ग्वालीचौर | १० | ३१९ | ३१९:१० |
| २६ | थानपति आधारभूत विधालय ग्वालीचौर | ८ | १३८ | ६९:४ |
| २७ | दिपज्योति प्राथमिक विधालय ग्वलीचौर | १ | १४ | १४:१ |
| २८ | भिरकटेरा ताल प्राथमिक विधालय ग्वालीचौर | २ | २४ | १२:१ |
| २९ | चमेरागुफा प्राथमिक विधालय ग्वालीचौर | १ | १० | १०:१ |
| ३० | अदुवावारी प्राथमिक विधालय ग्वालीचौर | ४ | ५० | २५:२ |
| | | | | |

| | | | | |
|---|---|---|---|---|
| ३१ | देउराली प्राथमिक विधालय ग्वालीचौर | ३ | १८ | ६:१ |
| ३२ | बुद्ध माध्यमिक विधालय भिमगिठे | १५ | २४१ | २४१:१५ |
| ३३ | सरस्वती प्राथमिक विधालय भिमगिठे | ४ | ४१ | ४१:४ |
| ३४ | सुरकुडी प्राथमिक विधालय भिमगिठे | ४ | २० | ५:१ |
| ३५ | सिद्धवराह प्राथमिक विधालय भिमगिठे | ३ | २५ | २५:३ |
| ३६ | भिमगिठे माध्यमिक विधालय भिमगिठे | २२ | ५०३ | ५०३:२२ |
| ३७ | जनक आधारभूत विधालय भिमगिठे | ८ | १२२ | ६१:४ |
| ३८ | डाँफ पाताल आधारभुत विधालय भिमगिठे | ५ | ६७ | ६७:५ |
| ३९ | खड्गजयन्ती माध्यमिक विधालय भिमगिठे | १० | २०४ | १०२:५ |
| ४० | दिपतारा प्राथमिक विधालय भिमगिठे | २ | ३२ | १६:१ |
| ४१ | माझखर्क प्राथमिक विधालय भिमगिठे | ४ | ७० | ३५:२ |
| ४२ | आदित्य प्राथमिक विधालय भिमगिठे | २ | २० | १०:१ |
| ४३ | माइस्थान प्राथमिक विधालय भिमगिठे | ३ | १७ | १७:३ |
| ४४ | किटेनी माध्यमिक विधालय रणसिह | १३ | १४४ | १४४:१३ |
| ४५ | भृकुटी माध्यमिक विधालय रणसिंह | १४ | २०२ | १०१:७ |
| ४६ | नेपाने आधारभूत विधालय रणसिंह | ८ | १२९ | १२९:८ |
| ४७ | शिवालय प्राथमिक विधालय रणसिंह | ३ | १४ | १४:३ |
| ४८ | लुङ्गानी प्राथमिक विधालय रणसिंह | ३ | ३९ | १३:१ |
| ४९ | कालिका प्राथमिक विधालय रणसिंह | ३ | ३७ | ३७:३ |
| ५० | फूलवारी प्राथमिक विधालय रणसिंह | २ | २६ | १३:१ |
| ५१ | तीनचुले प्राथमिक विधालय रणसिंह | २ | १५ | १५:२ |
| ५२ | सिद्धवारी प्राथमिक विधालय रणसिंह | ३ | १३ | १३:३ |
| ५३ | सिद्ध माध्यमिक विधालय दर्लिङ | १४ | ३१८ | १५९:७ |
| ५४ | जनता आधारभुत विधालय दर्लिङ | ८ | १४१ | १४१:८ |
| ५५ | नवजागरण प्राथमिक विधालय दर्लिङ | २ | ३२ | १६:१ |
| ५६ | मालारानी प्राथमिक विधालय दर्लिङ | ४ | ५१ | ५१:४ |
| ५७ | विधाप्रकाश प्राथमिक विधालय दर्लिङ | ३ | ३९ | १३:१ |
| ५८ | दर्लिङ माध्यमिक विधालय दर्लिङ | १५ | ४५५ | ९१:३ |
| ५९ | भानू आधारभूत विधालय दर्लिङ | ९ | २८० | २८०:९ |
| ६० | चिसापानी प्राथमिक विधालय दर्लिङ | ४ | ९९ | ९९:४ |
| ६१ | देउराली प्राथमिक विधालय दर्लिङ | ३ | ५८ | ५८:३ |
| | | | | |

| | | | | |
|---|---|---|---|---|
| ६२ | सिर्जनशिल प्राथमिक विधालय दर्लिङ | १ | १३ | १३:१ |
| ६३ | नमूना प्राथमिक विधालय दर्लिङ | २ | ४१ | ४१:२ |

यस पालिकामा रहेका विधालय मध्ये उल्लेखित विधालयमा शिक्षक विधार्थि अनुपात ५:१ देखि ५०३:२२ सम्म रहेको प्राप्त विवरणबाट देखिन्छ । सो अनुसार कतिपय विधालयमा शिक्षक दरबन्दी न्यून अबस्थामा रहेको र कतिपयमा न्यून विधार्थि संख्या रहेका कारण प्रति विधार्थि लागत बढ्न गएको अवस्था देखिन्छ । अत: भौगोलिक दुरी टाढा भएमा बाल विकाश केन्द्र स्थापना गरी न्यून विधार्थी संख्या भएको विधालय समायोजन एवं शिक्षक दरबन्दी मिलान गरी पठन पाठन ब्यवस्थित गर्नुपर्दछ ।

३४ **कार्य सम्पादनमा आधारित प्रोत्साहन अनुदान :**

( ✂ ..... कार्यालयले बेरुजु फस्र्यौट गरी पेश गरेको मनासिब देखिएकोले मिति **२०८१-१२-३१** को निर्णयले रू **१२८,१५०** सम्परीक्षण गरी लगत कट्टी गरिएको ।)

| | |
|---|---|
| प्रमाण पेश नगरेको | ० |

३५ **शिक्षक दरवन्दी र पदपूर्ति :**

स्थानीय तह अन्तर्गत रहेका सामुदायिक विधालयहरुमा दरबन्दी अनुसार शिक्षकको पदपूर्ति भई नियमित पठनपाठनको ब्यवस्था हुनुपर्दछ । यस स्थानीय तह अन्तर्गत विभिन्न तहका ६३ सामुदायिक विधालयहरुको शिक्षक दरबन्दी र पदपूर्तिको अवस्था एवं विधार्थिको संख्या निम्नानुसार रहेको देखिन्छ ।

| विधालयको किसिम | दरबन्दी संख्या | स्थायी पदपूर्ति | पदपूर्ति मध्ये राहत / करार | रिक्त दरबन्दी | बिधार्थि संख्या |
|---|---|---|---|---|---|
| सामुदायिक | ४०५ | ३१५ | ८८ | २ | ७६२९ |

उक्त विवरण अनुसार पालिकामा जम्मा ४०५ दरबन्दी रहेकोमा ३१५ जना स्थायी पदपूर्ति र ८८ राहत / करारमा नियुक्त गरी जम्मा ४०३ पदपुर्ति गरेको देखिन्छ भने २ दरबन्दीको पद रिक्त रहेको छ । पालिकाले विधालय संख्याका आधारमा सृजना गरेका पदहरुमा स्थायी पदपूर्ति गरी सामुदायिक विधालयको शैक्षिक गुणस्तरमा सुधार गर्ने तर्फ ध्यान दिनुपर्ने देखिन्छ ।

३६ **सहजकर्ताहरुको क्षमता विकास कार्यक्रम :**

गण्डकी प्रदेश आर्थिक कार्यविधि तथा वित्तियउत्तर दायित्व नियमावली २०७९ को नियम ३६( ५) मा जिम्मेवार ब्यक्तिले रकमको खर्च लेख्नु अघि त्यस्तो रकम खर्च गर्न वा भुक्तानी दिन आवश्यक बिल भर्पाई र कागजात संलग्न भए नभएको तथा संलग्न कागजात अनुसार भुक्तानी दिन रित पुगे नपुगेको जाँच गर्नुपर्ने ब्यवस्था रहेको छ । पालिकाले भौ.नं.१०।०८०-६-२५ बाट बाल विकास केन्द्रमा कार्यरत बालविकास सहजकर्ताहरुको क्षमता विकास कार्यक्रममा आतेजाते याताखर्च वापत प्रशिक्षक श्री कालिका सापकोटा रु.१६०००, डा.तुल्सी राम खनाल रु.१८००० र श्री रेनुका ठकुरी रु.२०००० समेत जम्मा रु.५४००० भुक्तानी भएकोमा सम्झौता नै नगरीकन यातायात खर्च भुक्तानी भएको अनियमित देखिएको रु.

| | |
|---|---|
| अनियमित भएको | ५४,००० |

३७ **कृषि तथा पशुमा अनुदानः**

प्रदेश तथा स्थानीय तहमा सशर्त वितिय हस्तान्तरित कृषि विकास संचालन कार्यविधि २०८० अनुसार सरकारी अनुदान रकमको वितरण, सदुपयोग सही एवं समुचित तरिकाले गरी खर्चको सार्वजनिकिरण एवं अनुगमन हुनुपर्दछ र सो को प्रभावकारीता मापन गर्ने संयन्त्र विकास गरी उत्पादन तथा उत्पादकत्वमा वृद्धि आए नआएको सम्वन्धमा प्रतिवेदन वनाउनुपर्दछ। साथै अनुदानमा विउ वितरण गर्दा जग्गाको स्वामीत्व हेरी मात्र वितरण गर्नुपर्दछ। पालिकावाट प्राप्त विवरण अनुसार यस वर्ष संचालित प्रमुख कार्यक्रम देहाय अनुसार छन्

| अनुदानको क्षेत्रहरु | विवरण | अनुदान रकम |
|---|---|---|
| कृषि | ९ वटा कृषि अनुदान कार्यक्रम | ४०,३९,००० |
| पशु तर्फ | ५ वटा पशु तर्फका अनुदान कार्यक्रम | १९,००,००० |

• अनुदानको सहि सदुपयोग भए नभएको सम्वन्धमा केही अनुदान कार्यक्रममा अनुगमन प्रतिवेदन पेश नभएकोले सम्पुर्ण अनुदानका कार्यक्रममा अनुगमन गरी पृष्ठपोषण सहितको प्रतिवेदन पेश गर्ने तर्फ पालिकाले ध्यान दिनुपर्दछ।

• कृषि क्षेत्रमा आत्मनिर्भर वनाउन सरकारले कृषि वीमा अनुदानका कार्यक्रम सञ्चालन गर्दै आइरहेको छ। पालिकाले कृषि क्षेत्रमा विभिन्न अनुदान दिएकोमा अनिवार्य वीमा गरेमा मात्र अनुदान दिने नीति तय गर्नुपर्नेमा वीमा गर्ने गराउने तर्फ पालिकाले ध्यान नदिइ अनुदानका कार्यक्रम मात्र सञ्चालन गरेको देखियो। एक सरकारले ल्याएको नीतिलाइ अर्को सरकारले सहयोग गर्ने गरी कार्यक्रम कार्यान्वियन गर्दै अनुदान प्राप्त गर्नेको विवरण सार्वजनिक गरी पारदर्शिता कायम गर्नुपर्ने तर्फ पालिकाले ध्यान दिनुपर्दछ।

३८ **विउ खरिदः** (१००-२०८०-११-२०):

आर्थिक कार्यविधी तथा वित्तिय उत्तरदायित्व नियमावली, २०७७ को ३९(१०) मा जिम्मेवार व्यक्तिले सरकारी रकमको खर्च लेख्नु अघि त्यस्तो रकम खर्च गर्न वा भुक्तानी दिन आवश्यक विल भरपाई र कागजात संलग्न भए वा नभएको तथा संलग्न कागजात अनुसार भुक्तानी दिन रित पुगे वा नपुगेको जाँच गरेर मात्र भुक्तानी दिनुपर्ने व्यवस्था छ। पालिकाले फलफुल प्रबर्द्धन कार्यक्रममा दांते ओखर कलमि बेर्ना खरिद गर्दा जिल्ला दररेट लाई आधार नलिई खरिद गरेकोले जिल्ला दररेट अनुसार खरिद कार्यलाई अगाडि बढाउनु पर्दछ।

३९ **विमा अभिलेखः** (14-२०८१-३-२४):

प्रशासनिक भवन निर्माणः गो भौनं १४/२०८१/०३।२४ कूल रु. ५करोड १८ लाख ५४ हजार लागतमा निर्माण कार्य गर्नको लागि माउण्टेन कवि ई.जेभी संग मिति २०७७।०२।१६ मा सम्झौता भई ३ पटक म्याद थप गरी २०८०।०३।३१ मा सम्पन्न भएको छ । सार्वजनिक खरिद नियमावली २०६४ को नियम ११२मा विमा सम्वन्धी व्यवस्था छ । जसमा १३ महिना DLP सम्मको विमाको व्यवस्था छ । यस निर्माण कार्यमा विमा वापतको रकम रु ५७०४५२।०० भुक्तानी दिएकोमा विमाको अवधि २०२१।१२।०२ सम्म भएको २०२४ सम्मको म्याद भएको विमालेख पेश हुनुपर्नेमा सो नभएकोले प्रमाण पेश हुनुपर्ने रु. ५७०४५२

| | |
|---|---|
| प्रमाण पेश नगरेको | ५,७०,४५२ |

४० **१५ शैया अस्पतालः**

सार्वजनिक खरिद नियमावली,२०६४ को १२० मा म्याद थप सम्वन्धी व्यवस्था छ । करिव ९९ प्रतिशत कार्यप्रगति भएको यस योजनाको २०८१।०३।२३ सम्म पछिल्लो पटक म्याद थप भएकोमा लेखपरीक्षण अवधि सम्म म्याद थप भएको छैन जसले गर्दा ६ महिना ढिला भएको छ । हालसम्म म्याद थप नभएको यस ठेक्काको प्रतिदिन ०.०५ प्रतिशतको दर वा वढिमा १० प्रतिशत पूर्वनिर्धारित क्षतिपूर्ति लगाई निर्माण व्यवसायीवाट असुल गर्नुपर्ने वा म्याद थपको निर्णय पेश गरी ठेक्का सम्पन्न हुनुपर्ने रु.......

| | |
|---|---|
| असुल गर्नुपर्ने | १७,३२,५३० |

४१ **नापी भन्दा वढी भुक्तानीः**

निर्माण व्यवसायीलाई सार्वजनिक खरिद नियमावली, २०६४ को नियम १२३ बमोजिम प्राविधिक नापजाँच भइ नापी किताबमा उल्लेख भएको वास्तविक सम्झौताको शर्त बमोजिम भुक्तानी गर्नपर्नेमा पालिकाले निर्माण व्यवसायीलाई एघारौ रनिङ बिलको भुक्तानी गर्दा आईटम नं B9 भुक्तानी हुनुपर्ने परिमाण ३४७.५८ मा ३५२.८१ भुक्तानी भई ५.२३ घ.मीमा दर रु ९४००० ले नापी भन्दा बढी भुक्तानी दिएको रकम(मू अकर सहित) असुल गर्नुपर्ने देखिएको रु

| | |
|---|---|
| असुल गर्नुपर्ने | ५,५०,५३० |

४२ **विमा अभिलेखः**

( ✂ ..... कार्यालयले बेरुजु फस्र्यौट गरी पेश गरेको मनासिब देखिएकोले मिति **२०८१-१२-३१** को निर्णयले रू **१,५६२,६२०** सम्परीक्षण गरी लगत कट्टी गरिएको ।)

| | |
|---|---|
| प्रमाण पेश नगरेको | ० |

४३ **हेभि ईक्युपमेण्टको प्रयोगः** (396,391,367-२०८१-३-२४):

सार्वजनिक खरिद नियमावली, २०६४ को नियमावली ९७(९) मा उपभोक्ता समिति वा लाभग्राही समुदायवाट सञ्चालित हुने निर्माण कार्यमा लोडर, एक्साभेटर, रोलर, डोजर, ग्रेडर, विटुमिन र हेभिईक्युपमेण्ट प्रयोग गर्न सकिने छैन यदि प्रयोग गर्नुपरेमा सम्वन्धित प्राविधिकको सिफारिसमा गर्न सकिने समेत व्यवस्था छ । यस पालिका अन्तर्गत सञ्चालित निम्नलिखित उपभोक्ता समितिको कार्य गरेको योजनामा यस्ता हेभिईक्युपमेण्ट लगायत र झोलुङ्गेपुल समेत उपभोक्तावाट निर्माण गरेको देखियो । कतिपय योजनामा कूल लागत अनुमानकै हाराहारीमा हेभिईक्युपमेण्टमा भुक्तानी भएको छ । खरिद नियमावलीको मूल मर्म अनुसार न्युनतम १० देखि २० प्रतिशत श्रम सहभागिता हुनुपर्ने स्थानीय श्रम, सीप, साधनश्रोत प्रयोगको सुनिश्चितता गरी योजना सम्झौता गर्नुपर्ने हुन्छ । यस सम्वन्धमा पालिकासंग छलफल गर्दा यस पालिकाको कार्यक्षेत्र ठूलो भएको १० वटा वडा रहेको, जटिल भौगोलिक वनावट र नयाँ नयाँ ट्र्याक खन्ने कार्यमा हेभिईक्युमेण्टको प्रयोग भएको उल्लेख गरेको भएतापनि यस्ता प्रकृतिका कार्यमा हेभिईक्युपमेण्ट प्रयोग गर्नुपूर्व प्राविधिकको सिफारिस गरेर मात्र कार्य गर्नुपर्नेमा सो प्रकृया पालना नगरेकोले नियमसम्मत मान्न मिल्ने नदेखिएको रु

| गो.भौ.नं मिति | उसको विवरण | लागत अनुमान | हेभि ईक्युमेण्टमा भुक्तानी | निर्माण व्यवसायी |
|---|---|---|---|---|
| ३९६ | आरुपाटा मोटरवाटो वडा कार्यालय | २००००० | ११५३५००।०० | पञ्चासे मगर कन्सट्रक्सन |
| ३९१ | रणसिहं दोभान मोटरवाटो | ११८११९६ | १०६२६४५।०० | वैजाली कन्स्ट्रक्सन |
| ३६७ | तुम्डाँडा खेल मैदान | ५३०५८१ | ४८६११० | आयुष्मा निर्माण सेवा |
| ३६६ | दगा धङधङ वेतनी मोटरवाटो | १०५९४६९ | १०५९४६९ | आयुष्मा निर्माण सेवा |
| ३०५ | वडा नं ३ मोटरवाटो मर्मत | ११५७२३७ | ११५७२३७ | गोरख निर्माण सेवा |
| १६१ | डाँडा गाँउ थामचौर मोटरवाटो | २१२०३९३ | ९०९३९२ | लिला फुँग निर्माण |
| १०१ | सिसाखानी सिरवारी मोटरवाटो | १६०२०१४ | १००२२१९ | न्यु गोरख निर्माण सेवा |
| ४४३ | छाप सल्लेखर्क असारे सडक | ८६१५५३ | ८३२३७५ | पञ्चासे मगर कन्सट्रक्सन |
| ४१६ | पुरानो फोर्सा सडक | २१५५५३१ | ९८५९०० | पालिकाको डोजर |
| ४१६ | वरपोखरा उखुधारा सल्लेपोखरी | ५२८२८९ | ५०७८३९ | आयुष्मा निर्माण सेवा |
| २८८ | नौटुवा माईस्थान माझगाँउ | २१२६३९१ | २१११९९५ | आयुष्मा निर्माण सेवा |
| जम्मा | | | ११२६८६८१ | |

| | |
|---|---|
| अनियमित भएको | १,१२,६८,६८१ |

४४ **फरक नम्सको प्रयोगः** (409,396,225,222-२०८१-३-२४):

सार्वजनिक खरिद नियमावली, २०६४ को नियम ९७ बमोजिम उपभोक्ता समितिको कार्यमा नापजाँच भइ नापी किताबमा उल्लेख भएको वास्तविक सम्झौताको शर्त बमोजिम भुक्तानी गर्नुपर्दछ । पालिकाले निम्नलिखित सडक निर्माणको क्रममा DOR को Norms प्रयोग गर्नुपर्नेमा DUDBC को नम्स प्रयोग गरी वास्तविक भन्दा वढी भुक्तानी भएको देखिएकोले सम्वन्धितवाट असुल हुनुपर्ने रु

| गो भौ नं | योजनाको विवरण | काम | भुक्तानी भएको | हुनुपर्ने | परिमाण घ. मी | वढी |
|---|---|---|---|---|---|---|
| ४०९ | कोलाचौर तुन्डाँडा गराङधारा मोटरवाटो | पि. सि . सि | १८७२८ | १४१८८ | १४.९२ | ६७७३६ |
| ३९६ | आरुपाटा वडा कार्यालय वाटो | स्टोन वर्क | १०५२९ | ८८८३ | ९.१७ | १५०९९ |
| २२५ | टारी मोटरवाटो | पि. सि | १३०९४ | ११११९ | २१.४२ | ४१६६५ |
| २२२ | पदमभिर दोभानपुरानो | स्टोन वर्क | १०५२९ | ८८८३ | १६.७१ | २०२२० |
| जम्मा | | | | | | १४४७२० |

| | |
|---|---|
| असुल गर्नुपर्ने | १,४४,७२० |

४५ **प्राविधिक पुष्ट्याईः** (10-२०८१-३-२४):

एक्लेपिपल भनामी सडक उ.सः गो भौ नं १०। २०८१।०३।२४ आर्थिक कार्यविधि तथा वित्तीय उत्तरदायित्व ऐन,२०७६ को दफा ३९ मा सार्वजनिक निकायले खर्च लेख्दा रितपुर्याएर खर्च गर्नुपर्दछ । कूल रु. ६४ लाख ९ हजार को लागतमा सम्झौता भएको यस योजनाको सम्झौता भन्दा ३६.४७ प्रतिशत घटी अर्थात ४० लाख ६१ हजारमा कार्यसम्पन्न गरेको छ । ३६.४७ प्रतिशत घटीमा कार्य गर्नुको मुख्य कारण पहिचान गर्दा यस योजनामा वर्षाको वाढीले निर्माणाधिन संरचनामा अधिकांश संरचना वगाएको उल्लेख गरेको छ । जाली रिटेनिङवाल, ड्रेन भत्काएकोमा रिटेनिङ वाल र ड्रेनको ९० प्रतिशत रकम कट्टा गरी घटाएको तर ग्याविन वर्क १६५ घ.मीमा ९ घ.मी अर्थात ५ प्रतिशत मात्र घटाएको देखिन्छ । त्यस क्षेत्रमा पहिरो गएको स्थलगत रिपोर्टले देखाएकोमा कति परिमाणमा जाली नोक्सानी भएको हो मुल्यांकन गरी पेश हनुपर्ने रु.

| | |
|---|---|
| प्रमाण पेश नगरेको | ८,०२,२०३ |

४६ **विविध खर्चः**

स्थानीय सरकार सञ्चालन ऐन, २०७४ को दफा ७१ बमोजिम व्ययको बजेट अनुमान आन्तरिक आयको परिधिभित्र रही औचित्यताको आधारमा विविध खर्च गर्नुपर्ने व्यवस्था छ । पालिकाले यस वर्ष विविध खर्च शीर्षकबाट रु. १८ लाख ९९ हजार खर्च गरेको छ । खर्च लेख्दा अधिकांशमा खर्चको पुष्ट्याई बेगर केवल बिल भरपाई तथा माईन्युटको आधारमा मात्रै खर्च लेखेको छ। खर्चको स्पष्ट उद्देश्य र यथार्थता प्रमाणित हुने आवश्यक प्रमाण संलग्न गरेर मात्रै विविध खर्च गर्नुपर्दछ ।

| **विविध खर्चको विवरण** | **खर्च रकम** |
|---|---|
| अतिथि सत्कार | ४,१८,२८० |
| चिया, खाजा तथा खाना | ५,०५,६२० |
| मसलन्द तथा कार्यालय सामान | १,८६,०५० |
| विविध कार्यक्रम खर्च | ६,१६,१५० |
| मर्मत | १,७३,८०० |
| जम्मा | १८,९९,९०० |

४७ **वितरणको भरपाई तथा प्रयोजन बेगरको खर्च :**

स्थानीय सरकार सञ्चालन ऐन, २०७४ को दफा २४ मा गाउँपालिकाले आर्थिक विकास तथा गरिबी निवारणमा प्रत्यक्ष योगदान पुग्ने, उत्पादनमूलक तथा छिटो प्रतिफल प्राप्त गर्न सकिने, जनताको जीवनस्तर, आम्दानी र रोजगारी बढ्ने, स्थानीय बासिन्दाहरुको सहभागिता जुट्ने, स्थानीय स्रोत साधन र सीपको अधिकतम प्रयोग हुने, दीगो विकास, वातावरणीय संरक्षण तथा सम्वर्द्धनमा सहयोग पुग्ने विषयहरुलाई प्राथमिकता दिई योजना तर्जुमा र कार्यान्वयन गर्नुपर्ने उल्लेख छ ।पालिकाले अन्य सामाजिक सहायता शिर्षकबाट भौ नं ७१५ मिति २०८१।३।२४ मा रु १४१२५५ खर्च लेखेकोमा तारा हिमाल म्युजिक सेन्टरको विजक बाट विभिन्न मौलिक बाजाहरु

खरिद गरी उक्त सेन्टरलाई भुक्तानी गरेको छ । सो बाजाहरु के प्रयोजनका लागि खरिद गरेको हो सो को प्रमाण तथा वितरण गरेको भरपाई संलग्न गरेको छैन साथै PAMS मा दाखिला गरेको छैन। सो को प्रमाण पेश गर्नुपर्दछ । रु १२८६५५

| सि नं | बाजा | परिमाण | दर | जम्मा |
|---|---|---|---|---|
| १ | दमाहा | २ वटा | २७००० | ५४००० |
| २ | नरसिंह | २ | ११५०० | २३००० |
| ३ | सहनाई | २ | ९००० | १८००० |
| ४ | झ्याली | १ | ८००० | ८००० |
| ५ | ढोलक | १ | ४५०० | ४५०० |
| ६ | टेम्को | १ | ६००० | ६००० |
| | | जम्मा | | १२८२५५ |

| | |
|---|---|
| प्रमाण पेश नगरेको | १,२८,६५५ |

४८ **वडाबाट भएको खर्च :**

स्थानीय सरकार सञ्चालन ऐन, २०७४ को दफा २४ मा गाउँपालिकाले आर्थिक विकास तथा गरिबी निवारणमा प्रत्यक्ष योगदान पुग्ने, उत्पादनमूलक तथा छिटो प्रतिफल प्राप्त गर्न सकिने, जनताको जीवनस्तर, आम्दानी र रोजगारी बढ्ने, स्थानीय बासिन्दाहरुको सहभागिता जुट्ने, स्थानीय स्रोत साधन र सीपको अधिकतम प्रयोग हुने, दीगो विकास, वातावरणीय संरक्षण तथा सम्वर्द्धनमा सहयोग पुग्ने विषयहरुलाई प्राथमिकता दिई योजना तर्जुमा र कार्यान्वयन गर्नुपर्ने उल्लेख छ । यस पालिकाको वडा नं ५ को वडा खर्च रु ३५०००० भौ नं ६६८ मिति २०८१।३।२० मा भुक्तानी गरेकोमा देखिएका व्यहोराहरु :

- वडाले मिति उल्लेख नगरी विभिन्न समयमा गाडी रिजर्भ लिइ रु ३४००० खर्च गरेकोमा विभिन्नन योजनाको अनुगमन गरेको उल्लेख गरेको छ । सिमाकको देउराली प्रा वि मर्मत तथा कालिका बाल विकास केन्द्र व्यवस्थापन को अनुगमन गरेको उल्लेख गरेकोमा कुन मितिमा कस्को उपस्थितिमा अनुगमन गरेको हो सो अनुगमनको प्रतिबेदन तथा फोटो माइन्यूट लगायत विवरण राखेको छैन ।
- मिति उल्लेख नगरी दाँग, छहरा र भिरकटेरा मा रहेका योजना अनुगमन गरेको उल्लेख गरेकोमा उक्त अनुगमनको प्रतिबेदन, योजनाको अवस्था देखाउने फोटो तथा माइन्यूट र उपस्थिति संलग्न रहेको छैन ।
- धुलिखेल काभ्रेको आयोजनामा सञ्चालनमा हुने तिन दिने किवी खेती तालिम उद्धघाटन कार्यक्रममा सहभागी भएको उल्लेख गरेकोमा सो कार्यक्रमको फोटो उपस्थिति उद्धघाटन मिति लगायत संलग्न नरहेको ।
- २०८० मंसिरको विभिन्न रातमा रातको समयमा चोरीको विगविगी भएको हुँदा खार प्रहरी चौकीका प्रहरी सहित गस्ती गर्दा ९ दिनको गाडी भाडा रु २००० दरले रु १८००० खर्च लेखेको छ । वडाले आफ्नो कार्यक्षेत्रमा नपर्ने प्रहरी गस्तीमा खर्च गर्न मिल्ने नदेखिएकाले कार्यक्षेत्र बेगरको यस किसिमको खर्चमा नियन्त्रण हुनुपर्दछ।
- सिमाकमा बाटो सरसफाई तथा मर्मत कार्य गर्नका लागि वडा अध्यक्ष सहित वडा कार्यालय बाट सिमाक लैजाने र लिने गरे वापत यातायात स्वरुप रु ६००० बुझेकोमा उक्त प्रतिबेदन लगायतका विवरण संलग्न नरहेको । पालिकाको वडाहरुबाट गरिने खर्चमा अपुष्ट प्रमाण तथा कागजात रहने गरेको तथा खर्च गर्दा मित्वययी तथा आफ्नो कार्यक्षेत्रसँग मिल्ने गरी खर्च गर्ने नगरेकोले वडाले यस किसिमको खर्चगर्दा ध्यान दिनुपर्ने देखिएको छ ।

४९ **करेशावारी सँग विद्यार्थी कार्यक्रम :**

स्थानीय सरकार सञ्चालन ऐन, २०७४ को दफा २४ मा गाउँपालिकाले आर्थिक विकास तथा गरिबी निवारणमा प्रत्यक्ष योगदान पुग्ने, उत्पादनमूलक तथा छिटो प्रतिफल प्राप्त गर्न सकिने, जनताको जीवनस्तर, आम्दानी र रोजगारी बढ्ने, स्थानीय बासिन्दाहरुको

सहभागिता जुट्ने, स्थानीय स्रोत साधन र सीपको अधिकतम प्रयोग हुने, दीगो विकास, वातावरणीय संरक्षण तथा सम्वर्द्धनमा सहयोग पुग्ने विषयहरुलाई प्राथमिकता दिई योजना तर्जुमा र कार्यान्वयन गर्नुपर्ने उल्लेख छ ।करेशावारी सँग विद्यार्थी कार्यक्रम सञ्चालन गरी यस वर्ष पालिकाले रु १ लाख बजेट विनियोजन गरी रु ९४३१० खर्च गरेकोमा भौ न २८८ २०८०।९।२३ बाट पौदिटारी आ.वि मा करेशावारी निर्माण बापत रु ३१९१० र भौ न ६२५ मिति २०८१।३।०४ बाट रु ६५००० खार माध्यमिक विद्यालयलाई शोधभर्ना गरेको छ ।यस कार्यक्रमको उद्देश्य विद्यालयमा अध्ययनरत विद्यार्थीहरुलाई व्यवारिक शिक्षा प्रदान गर्ने , विद्यालयमा सञ्चालित दिवा खाजाको लागी आवश्यक तरकारी उत्पादन गरी स्वच्छ र ताजा खाने कुरा प्रयोग गर्ने र उत्पादित तरकारीलाई बजारीकरण गरी वद्यालयको आर्थिक आम्दानी बृद्धि गर्ने तथा विद्यार्थीहरुलाई पढ्दै कमाउदै कार्यक्रम तर्फ उन्मुख गराउने परियोजनाले प्रस्ताव गरी सो खर्च गरेकोमा लेखापरीक्षणको क्रममा उक्त कार्यक्रमबाट सो बमोजिमको प्रगति भए।नभएको सो विवरण संलग्न रहेको पाइएन भने आर्थिक वर्ष २०८१।८२ मा समेत उक्त कार्यक्रमका लागि बजेट विनियोजन गरेको पाइएन। वडाले बजेट खर्च गर्दा वितरण गर्ने तवरले यस किसिमको खर्च गर्नु नतिजमुलक नरहेको तथा यस कार्यक्रमलाई निरन्तरता नहुनुबाट सो कार्यक्रमको प्रभावकारीता रहेको नदेखिएकोले वाडाहरुले बजेट तथा कार्यक्रम तयगर्दा नतिजामुलक कार्यक्रम तय गर्नुपर्दछ ।

५० **आर्थिक सहायताः**

आर्थिक सहायताः सरकारको बार्षिक कार्यक्रममा परेका बाहेक कुनै पनि सरकारी तथा गैरसरकारी संस्थालाई आर्थिक सहायता र अनुदान नदिने, तोकिएको मापदण्ड भित्र रहेर मात्र क्षतिपूर्ति, आर्थिक सहायता तथा औषधी उपचार खर्च वापत आर्थिक प्रदान गर्ने, यस्तो सहायता पाउने व्यक्ति तथा संस्थाको अभिलेख मराखी एउटै व्यक्ति वा संस्थालाई दोहोरो सहायता उपलव्ध गराउन नहुने व्यवस्था सार्वजनिक खर्चमा मितव्ययिता र प्रभावकारीता कायम गर्ने सम्वन्धी नीतिगत मार्गदर्शन, २०७५ मा उल्लेख छ।साथै उपरोक्त व्यवस्था प्रदेश सरकार तथा स्थानीय तहका सवै कार्यालयहरु, सवै पदाधिकारी एंव कर्मचारीहरुले पालना गर्नुपर्ने उक्त मार्गदर्शनमा उल्लेख छ।पालिकाको चालु खर्चतर्फ नमुना छनौटको आधारमा परीक्षण गर्दा विभिन्न भौचरवाट रु.१५ लाख ३६ हजार आर्थिक सहायता वितरण गरेको देखियो।पालिकाले आर्थिक सहायताको रुपमा व्यक्ति तथा संस्थालाई वितरण गर्ने गरेको, आर्थिक सहायता पाउने व्यक्ति तथा संस्थाको लगत राख्ने नगरेको जस्ता अवस्था देखियो।पालिकाले आर्थिक सहायता एंव अनुत्पादक चालु प्रकृतिका खर्चमा कटौती नगरी पूँजिगत खर्चको हिस्सा बढाउन सक्ने अवस्था छैन।उत्पादनशिल क्षेत्रमा लगानी नगरी आर्थिक बृद्धि हासिल गर्न नसकिने भएकोले यस्ता प्रकृतिका खर्चमा कटौती गर्नुका साथै तोकिएको मापदण्ड भित्र रहेर मात्र क्षतिपूर्ति, आर्थिक सहायता र औषधी उपचार खर्च लेख्नुपर्ने देखिन्छ।

| भौ न ।मिति | प्रयोजन | रकम |
|---|---|---|
| ५५२ २०८१।१।३० | दलविर पुन उपचार सहयोग | ४०००० |
| ३९१ २०८०।११।१५ | रेडियो सारथी | ११००० |
| ६३९ २०८१।३।११ | सोभित थापा आर्थिक सहयोग | १०५०० |
| २३८ २०८०।९।५ | पौदी न्वागी मेला तथा संस्कृति संरक्षण समिति | ३५०००० |
| ५९६ २०८१।२।१७ | बाग्लुङ उद्योग बाणिज्य संघ | १८७०० |
| ५९६ २०८१।२।१७ | नेपाल भूतपूर्व सैनिक संघ | १४६५० |
| ५९६ २०८१।२।१७ | विश्व शान्ती साहित्य समाज | ८३५० |
| ७१५ २०८१।३।२४ | बाग्लुङ जेसिज | १३००० |
| ६२१ २०८१।३।०४ | खर्क बहादुर वि क | ६००० |
| ६२१ २०८१।३।०४ | सुमन निउरे | ३२००० |

५१ **विद्यार्थी प्रतिभा पहिचान कार्यक्रम :**

गण्डकी प्रदेश आर्थिक कार्यविधि तथा वित्तिय उत्तरदायित्व नियमावली, २०७९ को नियम ३६ मा जिम्मेवार व्यक्तिले सरकारी रकमको खर्च लेख्नु अधि त्यस्तो रकम खर्च गर्न वा भुक्तानी दिन आवश्यक बिल, भरपाई र कागजात संलग्न भए वा नभएको तथा संलग्न कागजात अनुसार भुक्तानी दिन रीत पुगे वा नपुगेको जाँच गर्नु पर्ने व्यवस्था उल्लेख छ ।यस पालिकाले विद्यार्थी प्रतिभा पहिचान कार्यक्रम २०८० सञ्चालन गरी भौ नं ४६५ मिति २०८०।१२।१४ मा रु १३७३३५ खर्च लेखेकोमा विभिन्न २५ विधामा प्रतियोगिता सञ्चालन गरी ९ वटा विद्यालय सहभागी भई कार्यक्रम सञ्चालन गरेको छ । उक्त कार्यक्रममा सहभागी विद्यार्थीको नामावली, जिन्सी पुरस्कार वितरणको भरपाई तथा पुरस्कार प्राप्त गर्ने विद्यार्थीको विवरण लगायत विवरण संलग्न नगरेकोले सो पेश गर्नुपर्दछ ।

| | |
|---|---|
| प्रमाण पेश नगरेको | १,३७,३३५ |

## ५२ प्रधानमन्त्री रोजगार कार्यक्रमः

प्रधानमन्त्री रोजगार कार्यक्रम संचालन निर्देशका, २०७५ अनुसार स्थानीय तहमा सूचीकृत बेरोजगार व्यक्तिलाई न्यूनतम रोजगारी प्रत्याभूत गराउन एवं सामूदायिक पूर्वाधारहरुको विकास मार्फत नागरिकको जीवन यापनमा सुधार ल्याउने उद्देश्यले स्थानीय तह भित्र प्रधानमन्त्री रोजगार कार्यक्रम सञ्चालनमा रहेको छ। यस कार्यक्रम अन्तर्गत स्थानीय तह भित्रका वडाहरुमा बाटो निर्माण काम लगायतका १३ निर्माण तथा मर्मतका कार्यक्रम सञ्चालन गरी यस वर्ष ७५ जनालाई रोजगारी उपलव्ध गराई कुल ज्याला रु. ४६ लाख ४३ हजार ८५६ खर्च गरेको छ। लक्षित वर्गलाई औषत ९२ दिन सम्म रोजगारी उपलब्ध गराई श्रमिक ज्याला, प्रशासनिक र कार्यक्रम खर्च समेत खर्च लेखिएको छ। उक्त खर्चवाट लक्षित वर्गमा अल्पकालीन रोजगारी सृजना भएता पनि कामको दीगोपना तथा दीर्घकालीन रोजगारी सिर्जना गर्न तर्फ पालिकाले जोड दिनुपर्दछ।

## ५३ रोजगार संयोजक सम्झौताः

रोजगार संयोजकको पदपुर्ति र सेवा सुविधा सम्वन्धि मापदण्ड २०७६ बमोजिम पालिकाले १ जना रोजगार संयोजक र २ जना रोजगार सहायक लाई मिति २०८१।४।१ मा सम्झौता गरि पारिश्रमिक भुक्तानी गरेकोमा निम्नानुसारको स्थानीय भत्ता सम्झौतामा उल्लेख नगरि भुक्तानी गरेकोले अनियमित देखिएको रु

| नाम | पद | मासिक दर | कुल रकम |
|---|---|---|---|
| रामप्रसाद सिंजाली | रोजगार संयोजक | १३५० | १६२०० |
| देवेन्द्र घिमिरे | रोजगार सहायक | ९५० | ११४०० |
| सुधिर कुमार यादब | रोजगार सहायक | ९५० | ११४०० |
| जम्मा | | | ३९००० |

| | |
|---|---|
| अनियमित भएको | ३९,००० |

## ५४ अन्य निकाय खर्चः

स्थानीय सरकार सञ्चालन ऐन, २०७४ अनुसार कुनै पनि संघ/सस्था आदिलाइ कुनै पनि किसिमको चन्दा, उपहार, पुरस्कार तथा आर्थिक सहायता वितरण गर्न नपाइने व्यवस्था छ । तर छुट्टै अस्तित्व र बजेट व्यवस्था भएका देहायका कार्यालय तथा सघंसस्थाहरुलाइ विभिन्न कामको लागि भुक्तानी दिएको रकम नियमसम्मत नभएको रु. २१००००

| भौ.नं./ मिति | संस्थाको नाम | वापत | रकम |
|---|---|---|---|
| ६५२-०८१/३/१३ | नेपाल ट्रेड युनियन कंग्रेस | आर्थिक सहायता | २०००० |
| १६०-०८०/७/१४ | खार र खर्वाङ प्रहरी | दुर्गा शत्ति पुजा कार्यक्रम को खर्च भुत्तानी | ६०००० |
| १६१-०८०/०७/१५ | भिमगिठे प्रहरी चौकी | मैलो पुजा कार्यक्रम को खर्च भुत्तानी | ३०००० |
| ४१३-०८०/११/२० | लाखे नाच तथा सोरठी भैलो संरक्षण उ.स. | लाखे नाच तथा सोरठी भैलो संरक्षण | १०००००० |
| | | जम्मा | २१००००० |

| अनियमित भएको | २,१०,००० |
|---|---|

५५ **मापदण्डभन्दा बढीको विशेष र अन्य उपस्थिति :**

पालिकाको खर्चको मापदण्ड मा उल्लेख भए अनुसार पालिकाको जुनसुकै बैठकमा समितिका सदस्य संख्या बाहेक बढीमा २५ प्रतिशतमात्र उपस्थिति हुनसकिने उल्लेख छ । तर पालिकाको विभिन्न समयमा भएको विषयगत समितिको बैठकमा मापदण्डमा उल्लेख भए भन्दा बढी संख्यामा उपस्थिति भई भत्ता भुक्तानी भएको छ ।कार्यविधिभन्दा विपरित बैठक भत्ता भुक्तानी गरी खर्च लेखेको अनियमित देखिएको रु १२३६५०

| भौ न।मिति | बैठक संख्या | बैठक | सदस्य संख्या | अन्य र विशेष उपस्थिति संख्या | रकम |
|---|---|---|---|---|---|
| ६८९ २०८१।३। २१ | १५ | सार्वजनिक सेवा तथा क्षमता विकास समितिको विभिन्न समितिको बैठक | ४ | ६ | १२३६५० |
| ६८९ २०८१।३। २१ | २ | बजेट तथा योजना तर्जुमा समितिको बैठक | ५ | ७ | |
| | | जम्मा | | | १२३६५० |

| अनियमित भएको | १,२३,६५० |
|---|---|

५६ **भ्रमण अभिलेख पुस्तिका तयार नगरेको:**

भ्रमण अभिलेख प्रयोजनका लागि मलेप फारम नं ९०८ भ्रमणमा खटिने पदाधिकारी वा कर्मचारीको भ्रमण अभिलेख खातामा तोकिएबमोजिम भ्रमणमा खटिने पदाधिकारी वा कर्मचारीको भ्रमण अभिलेख खातामा भ्रमण आदेश नं, भ्रमण गर्ने कर्मचारीको नाम र पद, भ्रमणमा खटिएको स्थान, भ्रमणमा खटिएको मिति,भ्रमण प्रतिवेदनको संक्षिप्त व्यहोरा आदि खुल्ने गरी अभिलेख राख्नुपर्ने व्यवस्था छ । पालिकाले भ्रमण अभिलेख पुस्तिका तयार नगरिकन विभिन्न कार्यक्रमहरुमा भ्रमण खर्च लेखेको देखियो । पालिकाले मलेप फारम नं ९०८ भ्रमण अभिलेख खातामा तोकिएबमोजिम भ्रमण आदेश जारी गरेको मितिअनुसार सिलसिलेवार रुपमा भ्रमण अभिलेख राख्नुपर्दछ ।

५७ **तलबि प्रतिबेदन :**

संघीय मामिला तथा सामान्य प्रशासन मन्त्रालयको च नं १८० मिति २०७६।५।१८ गतेको परिपत्र वमोजिम स्थानीय तहका कर्मचारी र संघबाट काजम स्थानीय तहमा कामकाज गर्न खटाईएका कर्मचारीहरुको तलवी प्रतिवेदन नेपाल सरकारको मिति २०७६।५।१८ गतेको निर्णय वमोजिम सम्वन्धित जिल्ला स्थित कोष तथा लेखा नियन्त्रक कार्यालयबाट पारित गर्ने उल्लेख भएकोमा यस पालिकाले पालकाबाटै पालिकाका स्थायी कर्मचारीहरुको तलबि प्रतिबेदन पारित गरी जम्मा तलव भत्ता वापत रु १ करोड ९४ लाख ८६ हजार खर्च लेखेको छ ।

५८ **प्रशासकीय संगठन र जनशक्ति व्यवस्थापनः**

स्थानीय सरकार सञ्चालन ऐन, २०७४ को दफा ८३ बमोजिम स्थानीय तहको कार्यबोझ, राजस्व क्षमता, खर्चको आकार र स्थानीय आवश्यकता समेतलाई ध्यानमा राखी कर्मचारी समायोजन भएपछि मात्र संगठन तथा व्यवस्थापन सर्वेक्षणका आधारमा स्थानीय तहमा संगठन संरचना कायम हुने व्यवस्था छ। पालिकामा प्रमुख प्रशासकीय अधिकृत सहित ४९ दरबन्दी स्वीकृत रहेकोमा विभिन्न पदका ३६ पदमा पदपूर्ति भई १३ पद रिक्त देखिन्छ। दरबन्दी बमोजिम जनशक्तिको पूर्णता नहुँदा विषयगत कार्यक्रम सञ्चालन, सेवा प्रवाह तथा पालिकाको समग्र कार्य सम्पादनमा असर परेको स्थिति छ। तसर्थ रिक्त पदहरु यथाशक्य छिटो पूर्ति गरी सेवा प्रवाह प्रभावकारी बनाउनुपर्दछ ।

५९ **सहकारी संस्थाको विवरणः**

नेपालको संविधान, २०७२ को अनुसुचि ८ मा सहकारी संस्था दर्ता संचालन सम्वन्धि अधिकारको प्रयोग गरि पालिकाले यस आर्थिक वर्षमा उपलव्ध गराएको सहकारी संस्थाको विवरण देहाए बमोजिम रहेको छ ।

| क्र सं. | सहकारी संस्थाकोकिसिम | सहकारी संस्थाकोसंख्या | शेयर सदस्यसंख्या | कुल शेयर पुँजीरु. | कुल बचत रकम रु. | जम्मा ऋण लगानि | जगेडा कोषरकम |
|---|---|---|---|---|---|---|---|
| १ | वचत तथा ऋण सहकारीसंस्था | ५ | १९५९ | ३३६८६४०० | १४६८७४८८३ | १५७०१८८८८ | ३१५६३७३६ |
| २ | बहुउद्देश्यीय सहकारीसंस्था | १ | विवण प्राप्त नभएको | विवण प्राप्त नभएको | विवण प्राप्त नभएको | विवण प्राप्त नभएको | विवण प्राप्त नभएको |
| ३ | जलविद्युत सहकारी संस्था | १ | ९३० | १६६९५१०० | २३४९८८४ | १६३५३५४ | विवण प्राप्त नभएको |
| ४ | कृषि सहकारीसंस्था | ४ | ६४० | ५८२०५०० | ७६०१४४९ | १३०५९१७ | विवण प्राप्त नभएको |

पालिका भित्र रहेका ११ वटा सहकारीको पालिकाबाट अनुगमन गरी प्रतिवेदन पेश नगरेको तथा समस्याग्रस्त सहकारीको लगत संकलन नराखेकोले पालिकाले समस्याग्रस्त सहकारी संस्थाको शेयर होल्डर तथा बचतकर्ताको पूँजी तथा बचत रकमको अपचलन हुन सक्ने जोखिम न्यूनिकरण गर्न पालिका गम्भिर हुनुपर्ने देखिन्छ।

# अनुसूचीहरू

## अनुसूची - १

## आर्थिक कारोबारको स्थिति

आर्थिक बर्ष: २०८०/८१

कार्यालय र स्थान : वडिगाड गाउँपालिका, बागलुङ , वडिगाड गाउँपालिका , बाग्लुङ

| पद | नाम | कार्यकाल सुरु मिति | कार्यकाल समाप्त मिति |
|---|---|---|---|
| कार्यालय प्रमुख | चेतनारायण भण्डारी | २०७८-१२-७ | हाल सम्म कार्यरत |
| लेखा प्रमुख | डिल्ली प्रसाद शर्मा | २०७६-८-२३ | २०८०-१०-२१ |

बेरुजु वर्गीकरण:

| असूल गर्नुपर्ने | अनियमित भएको | प्रमाणका कागजात पेश नभएको | जिम्मेवारी नसारेको | सोधभर्ना नलिएको | जम्मा पेश्की |
|---|---|---|---|---|---|
| २,६१८,५५४ | ११,६९५,३३१ | ४,०९१,९३१ | ० | ० | ८२८,८५५ |
| | | | | **प्रारम्भिक प्रतिवेदनबाट देखिएको बेरुजू रु.** | १९,२३४,६७१ |
| | | | | **प्रारम्भिक प्रतिवेदन उपर फछ्र्यौट गरी संपरीक्षण भएको रकम रु.** | १,८७१,५२० |
| | | | | **संपरीक्षणबाट थप भएको बेरुजू रु.** | ० |
| | | | | **लेखापरीक्षण प्रतिवेदनमा कायम बेरुजू रु.** | १७,३६३,१५१ |

स्थानीय तह :

| | | | |
|---|---|---|---|
| **गत बर्षको जिम्मेवारी** | | ५७७२५८८९ | |
| **आम्दानी** | | **खर्च** | |
| **संघीय सरकारबाट अनुदान** | ४५९४३८८८५ | **चालु खर्च** | ४५०५९२४४८ |
| **प्रदेश सरकारबाट अनुदान** | १८३१७२५० | **पूँजीगत खर्च** | १७२८७७२८८ |
| **राजश्व बाँडफाँट** | १०००१३२८५ | **वित्तीय/अन्य व्यवस्था** | १९९७२५५९३ |
| **आन्तरिक आय** | १०८२०९४० | | |
| **अन्य आय** | १९९५९९३८१ | | |
| **कुल आय** | ७८८१८९७४१ | **कुल खर्च** | ८२३१९५३२९ |
| **बाँकी मौज्दात** | | २२७२०३०१ | |

# सुझाव

स्थानीय तहद्वारा प्रदान गरिने सेवालाई छिटो, सरल, सुलभ र गुणस्तरीय बनाई स्थानीय जनताको जीवनस्तरमा सुधार ल्याउन यस पालिकाले कानून तथा नीति निर्माण, साधन स्रोतको प्रभावकारी परिचालन, विकास प्रशासन, राजस्व परिचालन, नियमित सेवा प्रवाह, आर्थिक प्रशासन लगायतका विषयमा तपसिल अनुसारका सुधार गर्नुपर्दछः

- वित्तीय हस्तान्तरण र राजस्व बाँडफाँटबाट प्राप्त हुने रकम सम्बन्धित मार्गदर्शनमा तोकिएबमोजिम विनियोजनमा कुशलता, कार्यान्वयनमा दक्षता र अपेक्षित नतिजा प्राप्त हुने गरी बजेट विनियोजन गरी समयमै पारित गर्नुपर्दछ।
- आन्तरिक आयका क्षेत्रहरू पहिचान गरी आन्तरिक आय वृद्धि गर्नुपर्दछ। कार्ययोजना तयार गरी विगतका आय बक्यौता असुल गर्ने व्यवस्था गर्नुपर्दछ।
- स्थानीय तहका पदाधिकारी तथा सदस्यहरूको सुविधा सम्बन्धी ऐन अनुसार मात्र पदाधिकारीलाई तोकिएको सुविधा व्यवस्था गर्नुपर्दछ। निर्वाचित हुने पद बाहेक राज्यकोषबाट तलव सुविधा बेहोर्ने गरी नियुक्त हुने सबै पदमा योग्यता र मापदण्ड तोकिनुपर्दछ ।
- स्थानीय सेवा ऐन र नियम अनुसार सङ्गठन तथा व्यवस्थापन सर्वेक्षणको आधारमा सङ्गठन संरचना निर्माण, स्थायी पद सिर्जना, पद दर्ता र पदपूर्ति कानून बमोजिम गरी कर्मचारी व्यवस्थापन गर्नुपर्दछ।
- भौगोलिक अवस्था, स्रोतको उपलब्धता, सेवा प्रवाहको अवस्था समेतका आधारमा कानुन बमोजिम जनशक्ति व्यवस्थापन गर्नुपर्दछ । पदाधिकारी तथा कर्मचारीहरूको क्षमता विकास गरी कार्यसम्पादनमा प्रभावकारिता ल्याउन प्रशिक्षण तथा तालिमको व्यवस्था गर्नुपर्दछ।
- अनुदान दिने विषय, क्षेत्र, वर्ग, समूहबारे कानुनबाट नै स्पष्ट गरी अन्तिम प्रयोगकर्तालाई प्रत्यक्ष फाइदा पुग्ने तथा उत्पादन र उत्पादकत्वमा वृद्धि हुने गरी अनुदान प्रदान गर्नुपर्दछ । अति विपन्न र न्यून आय वर्गलाई सेवामा पहुँच दिन प्रदान गरिने सुविधा सोही वर्गमा पुगेको सुनिश्चित गर्न सो प्राप्त गर्नेको विवरण सार्वजनिकीकरण गर्नुपर्दछ।
- व्यावसायिक प्रकृतिको संस्थाहरूलाई पुँजीगत अनुदान प्रदान गर्दा लाभग्राहीले प्राप्त गर्ने लाभको सुनिश्चितता हुनुपर्दछ। यस्ता संस्थाहरु विघटन भएमा बाँकी सम्पत्ति लगानीको अनुपातमा फिर्ता हुने सुनिश्चितता हुनु पर्दछ। यस्तो अनुदानबाट व्यक्तिगत स्वामित्व रहेको जग्गा वा सम्पत्तिमा पुँजीगत निर्माण गरिनु हुँदैन।
- एउटै प्रकृतिको काममा समेत लागत अनुमान टुक्र्याई सोझै खरिद गर्ने, पूर्वानुमान गर्न सकिने अवस्थामा पनि लागत अनुमान यथार्थपरक तवरले तयार नगरी भेरिएसनबाट थप कार्य गराउने प्रवृत्तिमा नियन्त्रण गर्नुपर्दछ।
- खरिद सम्झौतामा निर्धारित समयमा ठेक्काको काम सम्पन्न गर्नुपर्दछ। म्याद थप कार्यलाई वस्तुनिष्ठ र तथ्यमा आधारित बनाउनुपर्दछ। निर्माण व्यवसायी वा उपभोक्ताबाट भएको निर्माण कार्यको विस्तृत विवरण देखिने गरी तोकिएको ढाँचामा अभिलेख राख्नुपर्दछ।
- स्थानीय सरकार सञ्चालन ऐन, २०७४ को दफा ७८(५) बमोजिम स्थानीय तहले सार्वजनिक सेवा प्रवाहलाई पारदर्शी, उत्तरदायी र जवाफदेही बनाउन सार्वजनिक तथा सामाजिक परीक्षण र सार्वजनिक सुनुवाइ गर्नुपर्दछ।
- स्थानीय तहले आन्तरिक आयको परिधिभित्र रही मापदण्डका आधारमा आर्थिक सहायता वितरण गरी प्राप्त गर्नेको नाम सार्वजनिक गर्नुपर्दछ। त्यसैगरी अनुत्पादक र वितरणमुखी कार्यक्रममा गरिने खर्च घटाउनुपर्दछ।
- बजेट तर्जुमा पूर्व नै अनुमान गर्न सकिने शीर्षकमा समेत अर्थ विविध वा अबण्डामा बजेट राख्ने र वर्षान्तमा रकमान्तर गरी खर्च गर्ने परिपाटीमा नियन्त्रण गर्नुपर्दछ।
- पूर्व तयारीका कार्य सम्पन्न भएका आयोजनामा मात्र बजेट विनियोजन गर्नुपर्दछ। स्रोतको सुनिश्चितता बेगरका कार्यक्रम/ आयोजनामा आगामी वर्षको लागि दायित्व सिर्जना गरी भुक्तानी बाँकी राख्ने कार्यमा नियन्त्रण गर्नुपर्दछ।
- उपभोक्ता समितिबाट काम गराउँदा खरिद सम्झौतामा तोकिए बमोजिमको जनसहभागिताको अंश समितिबाट व्यहोर्ने गरी सम्झौता गरेकोमा कतिपय काममा सो अंश व्यहोरेको यकिन नगरी भुक्तानी दिएकोले सम्बन्धित कर्मचारीलाई जवाफदेही बनाउनुपर्दछ।
- जटिल प्रविधि तथा उपकरणको प्रयोग हुने निर्माण कार्य र सामग्री खरिद गर्ने कार्य समेत उपभोक्ता समितिबाट गराउने कार्यमा नियन्त्रण हुनुपर्दछ।

- कृषि, पशु, सहकारी संस्था लगायतलाई विभिन्न प्रयोजनमा अनुदान उपलब्ध गराउँदा किसानको सूचीकरण, वर्गीकरण, परिचयपत्रको व्यवस्था गरी तीनै तहको समन्वयमा दोहोरो नपर्ने व्यवस्था गर्दै एकीकृत विद्युतीय अभिलेख राखी वितरण गर्नुपर्दछ। नाफामूलक संस्थालाई अनुदान वितरण गर्नु हुँदैन।

- सहकारी तथा गरिबी सम्बन्धी व्यवस्थापन सूचना प्रणाली (कोपोमिस) तथा विद्यमान सहकारी ऐन तथा नियमको आधारमा सहकारी संस्थाहरूको सुपरिवेक्षण गरी उक्त ऐन नियम अनुसार सञ्चालन भए नभएको सुनिश्चित गर्नुपर्दछ।

- आन्तरिक नियन्त्रण प्रणाली कार्यविधि तयार गरी कार्यसम्पादनलाई मितव्ययी, पारदर्शी र व्यवस्थित गर्नुपर्दछ। अन्तिम लेखापरीक्षण अगावै आन्तरिक लेखापरीक्षण सम्पन्न गरी सोबाट देखिएका बेहोरा जिम्मेवार व्यक्तिले फस्र्यौट गर्नुपर्दछ।

- वित्तीय अनुशासन कायम गर्न लेखापरीक्षण प्रतिवेदनको सार्वजनिकीकरण तथा बेरुजु फस्र्यौटको कानुनी व्यवस्था एवं संयन्त्र तय गरिनुपर्दछ। लेखा समितिको कार्यसञ्चालन सम्बन्धी कानुन तर्जुमा गरेर सो समितिलाई प्रभावकारी बनाई बेरुजु फस्र्यौट कार्यलाई व्यवस्थित बनाउनुपर्दछ।

- सरकारी पेश्की बाँकी रहेकालाई सार्वजनिक पदमा नियुक्ति नगर्ने तथा निर्वाचित हुने पदको हकमा उम्मेदवार हुन वञ्चित गर्ने एवं म्याद नाघेको पेश्कीको विवरण सार्वजनिक निकायले आर्थिक वर्ष समाप्त भएको ७ दिनभित्र सार्वजनिकीकरण गर्ने कानुनी व्यवस्था हुनुपर्दछ।

- सार्वजनिक पदमा रहेका व्यक्तिको नाममा बेरुजु कायम भएमा सो व्यक्तिलाई उक्त बेरुजुबारे समयमै जानकारी गराउनुपर्ने र जानकारी नगराउने कर्मचारी उपर विभागीय कारबाही गर्ने कानुनी व्यवस्था गर्नुपर्दछ।

- जिन्सी सामग्री, यन्त्र उपकरण तथा औजारहरु आवश्यकता र औचित्यका आधारमा खरिद गरी उपयोगको सुनिश्चितता हुनुपर्दछ।

- जुनसुकै तरिकाले प्राप्त गरेको जिन्सी एवं सार्वजनिक सम्पत्तिको अनिवार्य रूपमा सार्वजनिक सम्पत्ति व्यवस्थापन प्रणाली (पाम्स) मा अभिलेख राख्नुपर्दछ।

- सार्वजनिक खरिद ऐन, २०६३ को दफा २९ अनुसार कार्यालयको जनशक्तिले गर्न नसक्ने कामको लागि मात्र परामर्श सेवा खरिद गरी परामर्शदातामाथिको निर्भरता कम गर्नु पर्दछ। तयार गरिएका विस्तृत आयोजना प्रतिवेदन लगायतका प्रतिवेदनहरू क्रमिक रुपले कार्यान्वयन गर्नुपर्दछ।

- सरकारी डिजिटल सेवाहरूको गुणस्तर, पहुँच र विश्वसनीयता बढाउन सेवा स्तर सम्झौता तथा गोपनीयता सम्झौता अनिवार्य गर्नुपर्दछ।

- सेवा प्रवाहको प्रभावकारिताका लागि नागरिक सचेतना अभिवृद्धि कार्यक्रम गर्नुका साथै नागरिकबाट पृष्ठपोषण प्राप्त गर्ने विधि अवलम्बन गर्नुपर्दछ ।